# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १२६ | काठमाडौं | आइतबार, १० भदौ २०८० | Prabhab National Daily | Sunday, August 27, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




**बागमतीमा महाजलयात्रा |** नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा) ले 'बागमती नदी महाजलयात्रा महोत्सव'को अवसरमा शनिबार कुपण्डोलस्थित बागमती नदीमा आयोजना गरेको जलयात्राका सहभागीहरू । *तस्बिर सौजन्यः नारा*

# अन्तिम चरणमा विद्युत् विधेयक

■ **रमेश लम्साल**

**काठमाडौं–** सरकारले बहुप्रतिक्षित विद्युत् विधेयकलाई केही दिनभित्रै संघीय संसद्मा पेस गर्ने तयारी गरेको छ । विद्युत् व्यापारलगायत ऊर्जा क्षेत्रको समग्र विकासका लागि अत्यावश्यक मानिएको सो विधेयक शुक्रबार बसेको मन्त्रिपरिषद्को विधेयक समितिले पारित गरेको छ । सो समितिले पारित गरेको विधेयक अन्तिम स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ ।

मन्त्रिपरिषद्ले पारित गरेपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले सो विधेयक संघीय संसद्मा पेस गर्नेछ । निजी क्षेत्रका ऊर्जा उद्यमीलेसमेत तत्काल नयाँ कानुन ल्याउन सरकारसमक्ष आग्रह गर्दै आएका थिए । सरकारले यसअघि नै सो विधेयक संसद्मा पेस गरेको थियो ।

संघीय संसद्को कार्यकाल सकिएका कारण सो विधेयक प्रक्रियामा जान सकेको थिएन । तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सो विधेयक राष्ट्रिय सभामा पेस गरेकी थिइन् । भुसालले २०७९ भदौ ३१ गते विद्युत् विधेयक फिर्ता लिएकी थिइन् ।

> आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा रहेको ऊर्जा क्षेत्रको विकासलाई सरकारले प्रमुख प्राथमिकता दिएको सन्दर्भमा १२ वर्षे रणनीतिक योजना तयार गर्न लागिएको हो ।

संसदीय प्रक्रिया लामो हुने देखिएपछि संसद्को कार्यकालसमेत अन्तिम हुन लागेको अवस्थामा थप सहजीकरणका लागि अध्यादेश जारी गर्न लागिएको थियो । राष्ट्रपति कार्यालय पुगेको सो अध्यादेश जारी हुन सकेको थिएन ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले बिहीबार मन्त्रालयमा सञ्चारकर्मीसँगको अनौपचारिक छलफलमा सो विधेयकलाई छिट्टै संघीय संसद्मा पेस गरिने बताए । उनले समयको मागअनुसार ऊर्जा क्षेत्रको समग्र विकास, विद्युत् व्यापार तथा आन्तरिक खपत वृद्धिलगायतका विषयलाई केन्द्रमा राखेर सो विधेयक अगाडि बढाउन लागिएको बताएका थिए ।

हालसम्म विद्युत् ऐन, २०४९ अनुसार नै मुलुकको समग्र ऊर्जा क्षेत्र क्रियाशील थियो । सो ऐनलाई समयानुकूल बनाउनुपर्ने माग सरोकारवाला निकायले गर्दै आएका थिए । निजी ऊर्जा उद्यमीले पनि समयानुकूल कानुन नहुँदा आफूहरूलाई अप्ठ्यारो परेको बताउँदै आएका थिए । त्यसो त ऊर्जामन्त्री बस्नेतले ऊर्जा क्षेत्रको समग्र विकासका लागि १२ वर्षे रणनीतिक योजना अन्तिम तयारी भइरहेको जानकारी दिएका छन् ।

(बाँकी पृष्ठ २ मा)

# धरान घटनाबारे सर्वत्र चासो

## सद्भाव कायम राख्न अपिल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुनसरीको धरान उपमहानगरपालिकामा धार्मिक सद्भाव कायम राख्न दलहरूले चासो राखेका छन् । गौहत्या गरिएका भिडियो सामाजिक सञ्जालमा छाएपछि हिन्दू धर्मावलम्बीले यसको विरोध गर्दै आएका थिए । बुधबारमात्र नेपाली कांग्रेसका नेता शंकर भण्डारीले यस घटनालाई लिएर सदनमा विरोध गरेका थिए । 'केही दिनअघि धरानमा भएको अस्वाभाविक र अराजक घटनाले हामी नेपालीलाई मर्माहत बनाएको छ । गोरु काटेर सामूहिक भोज गरिएको घटनालाई र त्यसमा संलग्न उच्छृंखल तत्वहरूले समाजिक सञ्जालमार्फत प्रचार गर्न खोजेको देखिन्छ,' संसद्मा सांसद भण्डारीले भने ।

आपसी एकता, सद्भाव, सहिष्णुता र उत्कृष्टतम सभ्यतालाई चुनौती दिनेगरी धरानमा भएको उक्त घटना निन्दनीय रहेको भण्डारीको भनाइ थियो । 'नेपाल बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । हाम्रो आपसी एकता, सद्भाव, सहिष्णुता, उत्कृष्टतम सभ्यतालाई चुनौती दिनेगरी धरानमा घटाइएको उक्त घटना निन्दनीय छ,' उनले भनेका थिए । भण्डारी कांग्रेसभित्र धार्मिक कट्टरवादी नेताका रूपमा चिनिन्छन् । उनले नेपालमा धर्म परिवर्तन र अराजक गतिविधिले भविष्यमा दुर्घटना निम्तिनेसमेत बताएका थिए ।

### धरानमा जे भयो

धरानको मंगलबारेमा गौहत्याको आरोपमा बिन्द्रकुमार राई र राजन परियार गत साउन ९ गते पक्राउ परेका थिए । राई र परियार साउन २६ गते रिहा भए । उनीहरूलाई स्वागत नेपाल आदिवासी जनजाति महासंघ धरान उपमहानगर समन्वय परिषद् र सांस्कृतिक अधिकार संरक्षण मञ्चले धरानको मंगलबारेमा उक्त कार्यक्रमको आयोजना गरेको थियो ।

सोही दिन गौहत्या गरी सामूहिक भोज चलेको भन्दै सामाजिक सञ्जालमा भिडियोसमेत पोस्ट भयो । त्यही विषयलाई लिएर सामाजिक सञ्जालमा दोहोरी चल्यो । यो विषयलाई लिएर राष्ट्रिय प्रजातन्त्र पार्टीले साउन ३१ गते विरोध जनायो । राप्रपा प्रवक्ता तथा प्रचार विभाग प्रमुख मोहन श्रेष्ठले धार्मिक सद्भाव बिथोल्नेगरी भइरहेका संविधानविपरीतका गतिविधिमाथि छानबिन गर्न मागसमेत गरे ।

स्वेच्छाले धर्म परिवर्तन र मान्यता बदल्न सकिने भए पनि अर्को धर्मलाई घृणा गर्ने, जबर्जस्ती धर्म परिवर्तन गर्ने/गराउने, सामाजिक सद्भाव खल्बल्याउने, द्वन्द्व निम्त्याउने र द्वन्द्वका लागि उक्साउने गतिविधि गर्न नपाइने भन्दै श्रेष्ठले यस्ता संविधानविपरीतका गतिविधिमाथि छानबिन गर्न माग गरेका हुन् ।


भोलिपल्टै विश्व हिन्दू परिषद् नेपालले गोरु काटेर भोज गर्नेहरूमाथि तुरुन्त कारबाहीको माग राखे । विज्ञप्ति जारी गर्दै परिषद्ले कानुनले गौहत्यालाई दण्डनीय अपराध भने पनि त्यसअनुसार व्यवहारमा लागू नभएको भन्दै आपत्ति जनाएको हो । परिषद्ले धरानस्थित एक हिन्दू मन्दिरको छेउमा इसाई धर्मावलम्बीहरूको धार्मिकस्थल चर्च स्थापना गरेकोमा पनि आपत्ति जनाए ।'गौहत्यामा संलग्न अपराधीलाई समयमै कानुनी दायरामा ल्याइएन भने सामाजिक सद्भावमासमेत खलल पुग्ने देखिन्छ,' विज्ञप्तिमा भनिएको छ, ।

(बाँकी पृष्ठ २ मा)



**पुष्पकमल दाहाल**
**प्रधानमन्त्री**

सामाजिक एकतामा खलल पुग्ने कार्यहरूबाट टाढा रही एकता र सद्भावको पक्षमा उभिन र समस्या समाधानका निम्ति आ–आफ्नो ठाउँबाट सम्भव पहल लिनुहुन धरानबासी जनसमुदायलगायत सम्पूर्ण नेपालीमा हार्दिक अपिल गर्दछु ।



**शेरबहादुर देउवा**
**सभापति, नेपाली कांग्रेस**

नेपालीको भावना र चाहनाविपरीत धार्मिक–सामाजिक सद्भाव भड्काउने गतिविधि हामी कसैको पनि हितमा छैन, हुन सक्दैन । यसबाट उत्पन्न हुने धार्मिक, सामाजिक तथा राजनीतिक अस्थिरता र अराजकताको धमिलो पानीमा खेल्न खोजेका दृश्य अदृश्य शक्तिहरूलाई सहयोग पुग्ने कुरामा दुई मत छैन ।



**मोहन श्रेष्ठ**
**प्रवक्ता, राप्रपा**

गौवंश हत्याको विरोध एवं सनातन धर्मको रक्षाका पक्षमा देशव्यापी देखिएको स्वस्फूर्त प्रदर्शन जायज छ, स्वाभाविक छ । सद्भाव र्‍यालीले कसैको अहित पनि गर्दैन । संविधानप्रति राज्य जिम्मेवार नबन्दा कहिलेकाँही चिज पेचिलो बन्न जान्छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# साउनमा विदेशिए साढे ५५ हजार श्रमिक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो महिना अर्थात् साउनमा वैदेशिक रोजगारीका लागि साढे ५५ हजारभन्दा बढी नेपाली श्रमिक विदेशिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको विवरणअनुसार साउन महिनामा ५५ हजार ५७५ जना नेपाली नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा गएका हुन् । विभागको तथ्यांकअनुसार साउनमा विदेशिने नेपालीहरूको संख्या गत आवको अन्तिम महिना असारको भन्दा केही वृद्धि भएको छ । असारमा ५५ हजार २९९ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए ।

गत आवको अन्तिमसम्म पहिलो स्थानमा रहेको मलेसियालाई उछिन्दै चालु आवको सुरुआती महिनामा संयुक्त अरब इमिरेट्स (युएई)ले पहिलो स्थान ओगटेको छ । विभागको तथ्यांकअनुसार युएईका लागि ११ हजार ८७८ जनाले श्रम स्वीकृति लिएका छन् । गत असारमा युएई जान ११ हजार १५५ जनाले श्रम स्वीकृति लिएका थिए । यस्तै साउन महिनामा रोजगारीका लागि कतार जान १० हजार ५६१ जनाले श्रम स्वीकृति लिएका छन् । संख्याको हिसावमा कतार दोस्रो स्थानमा परेको छ ।

त्यसैगरी श्रम स्वीकृति लिएर साउदी अरेबियामा १० हजार ३० जना श्रमिक रोजगारीका लागि पुगेको विभागले उल्लेख गरेको छ । साउदी जान गत असारमा आठ हजार २८ जनाले श्रम स्वीकृति लिएका थिए ।

यस्तै नेपाली श्रमिकहरूको रोजगारीका लागि गत आर्थिक वर्षको सुरुआतदेखि नै पहिलो गन्तव्य बनेको मलेसिया चालु आवको पहिलो महिनामा चौथो स्थानमा झरेको छ । मलेसिया जाने नेपाली श्रमिकहरूको संख्या केही महिनादेखि क्रमशः घट्दै गएको देखिएको विभागको तथ्यांकले देखाएको छ । मलेसिया जान गत असारमा ११ हजार ८१६ जनाले श्रम स्वीकृति लिए पनि साउनमा यो संख्या नौ हजार २६८ मात्रै रहेको छ ।

यस्तै कुवेतका लागि तीन हजार ७१७ जना रोजगारीका लागि पुगेका छन् । उल्लिखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशत बढी) ओगटेको देखिन्छ ।

यसैगरी क्रोएसियामा एक हजार ६४९, जापानमा ८२७, रोमानियामा ६७३, माल्टामा ६७१, माल्दिभ्समा ५७०, साइप्रसमा ४८७, बहराइनमा ४७५, पोल्याण्ड ४६२, ओमानमा ३१९ जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । त्यस्तै इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या २ हजार ४१४ रहेको छ । विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १६ हजार ४२३ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३९ हजार १५२ जना रहेका छन् । चालु आवको पहिलो महिनामा श्रम स्वीकृति लिनेमध्ये सात हजार ७२५ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ ।

यस्तै विभागको तथ्यांकअनुसार जिल्लागतरूपमा झापाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । साउनमा झापाबाट दुई हजार ६६७ जना विदेशिएका छन् । गत आर्थिक वर्षभरि पहिलो रहेको धनुषा दोस्रो स्थानमा झरेको छ । यहँबाट २ हजार ६३० जना श्रमिक विदेशिएका छन् । यस्तै तेस्रो स्थानमा मोरङबाट दुई हजार २३३ जना रोजगारीका लागि बाहिरिएका छन् ।

चौथोमा रहेको सिरहाबाट दुई हजार १८२ र पाँचौंमा रहेको महोत्तरीबाट एक हजार ९७७ जना रहेका छन् । त्यसैगरी रूपन्देही, सुनसरी, सर्लाही, सप्तरी, चितवन, दाङ, कपिलवस्तु, मकवानपुर, रौतहट, तनहुँ, स्याङ्जा, बारा, धादिङ र नवलपरासी पूर्वबाट पनि वैदेशिक रोजगारीका लागि जाने नेपालीहरूको संख्या ठूलो रहेको विभागको तथ्यांकले देखाएको छ ।

**कुन देशमा कति**

| | |
|---|---|
| युएई | ११,८७८ |
| कतार | १०,५६१ |
| साउदी | १०,०३० |
| मलेसिया | ९,२६८ |
| कुवेत | ३७१७ |
| कोरिया | २४१४ |
| क्रोएसिया | १६४९ |
| जापान | ८२७ |
| रोमानिया | ६७३ |
| माल्टा | ६७१ |


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# दरबार हाइस्कुलमा ‘रोवोटिक्स कोडिङ’ कक्षा सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** ऐतिहासिक दरबार हाइस्कुल (भानु माध्यमिक विद्यालय) मा शुक्रबारदेखि ‘रोबोटिक्स कोडिङ’ कक्षा सुरु भएको छ । काठमाडौं महानगरपालिका (कामपा)ले गत वैशाख १२ गतेदेखि सुरु गरेको ‘बुक फ्रि फ्राइडे’ कार्यक्रमअन्तर्गत कक्षा सञ्चालन गरिएको हो ।

कामपाको सहरी योजना आयोगका सहायक विज्ञ शैलेन्द्र झाका अनुसार, कोडिङ सिकाइअन्तर्गत कक्षा ३ देखि ६ सम्मका विद्यार्थीहरूलाई ‘ब्लक’मा आधारित कोडिङ सिकाइएको छ ।

त्यस्तै कक्षा ७ र ८ मा विद्यार्थीलाई ‘पाइथन प्रोग्रामिङ’ सिकाइएको छ । विद्यार्थीको उमेर समूह र सिक्न सक्ने क्षमताका आधारमा कार्यक्रम छनोट गरिएको हो । यस कार्यक्रमबाट सामुदायिक विद्यालयबाट प्राविधिक अन्वेषण र विकासमा सघाउन पुग्नेछ । विद्यालयमा रोबोटिक्स, कृतिम बौद्धिकता (एआई) का कक्षाहरू पनि चलिरहेका छन् ।

महानगरपालिकाका १४ विद्यालयमा कोडिङ क्लब गठन भइसकेका छन् । उनीहरूका काम विश्वका एक सय ६० भन्दा धेरै देशमा क्लब सञ्जालमा जोडिन्छ । रोबोटिक्स, कृत्रिम बौद्धिकता (एआई) र कोडिङ कक्षाले विद्यार्थीमा समस्या समाधान गर्ने प्राविधिक क्षमता विकास हुनेछ । यस्ता कक्षाबाट विद्यार्थीमा तार्किक क्षमता बढ्नेछ । चुनौती समाधानका लागि समूहगत कामको सिकाइ विकास हुने विद्यालयकी प्रधानाध्यापक सारदा पौडेलले जानकारी दिइन् ।

उनका अनुसार कक्षाका लागि बितेका हप्तामा अभिमुखीकरण गराइएको थियो । कक्षामा विद्यार्थीको गहिरो चाख देखिन्थ्यो । उनीहरू विषयवस्तुप्रति उत्साहित थिए । शिक्षकसँग अन्तरक्रियात्मक हुनुले यसलाई स्पष्ट पारेका थिए । यी कक्षाहरू कामपाको ‘बुक फ्रि फ्राइडे ’अन्तर्गत सञ्चालन भएका हुन् ।

डिजिटल शिक्षा परिदृश्य उत्थान गर्न, विद्यार्थी र शिक्षकलाई नविनतम प्राविधिक उपकरणसँग अभ्यस्त बनाउन महानगरले ‘डिजिटल एन्ड वियोण्ड’सँगको सहकार्यमा प्रविधि विस्तार गरिरहेको छ । यस कार्यक्रममा लक्षित विद्यार्थी कक्षा ९ सम्मका विद्यार्थी छन् । क्लबका विद्यार्थीले विद्यालयको आफ्नै वेभसाइट निर्माण गर्न सक्छन् ।

कामपाको ‘बुक फ्रि फ्राइडे ’अन्तर्गत शुक्रबार सामुदायिक र संस्थागत सबै विद्यालयका विद्यार्थी सहभागी गराएर स्रोत केन्द्रस्तरमा ‘डेंगी’ शीर्षकमा चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । कामपाले जीवनउपयोगी शिक्षा दिने मुख्य उद्देश्यअनुरूप गत वैशाखदेखि ८९ वटै विद्यालयमा प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप गर्दै आएको छ ।

## अन्तिम चरणमा...

पृष्ठ १ बाट जारी

कार्ययोजनामा सन् २०३५ सम्म मुलुकका लागि आवश्यक बिजुली, त्यसका लागि कुन-कुन आयोजना अगाडि बढाउने तथा लगानीको स्रोत के रहनेलगायतका विषय समेटिएको उनको भनाइ छ । यसअघि पनि सरकारले १० वर्षमा १० हजार मेगावाटलगायतका कार्ययोजना सार्वजनिक गरेको थियो ।

मुलुकमा ऊर्जा क्षेत्रको विकासमा अपेक्षित प्रगति भएको, उत्पादन क्षमता क्रमशः बढ्दै गएको भए पनि प्रसारण तथा वितरण प्रणालीको अभावमा गुणस्तरीय र भरपर्दो बिजुली उपलब्ध हुन सकेको छैन । नेपालले भारतमा बिजुली निर्यात सुरु गरेको छ । यस्तै, निकट भविष्यमा नै बंगलादेशमा ‘टोकन’का रूपमा ४० मेगावाट बिजुली निर्यात गर्न लागिएको छ । उक्त योजनामा आन्तरिकरूपमा आवश्यकपर्ने बिजुलीको मात्रा उल्लेख गरिएको छ । सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत एक हजार ५०० युनिट बराबर पुऱ्याउने लक्ष्य राखिएको छ । हाल प्रतिव्यक्ति खपत तीन सय ८० युनिट बराबर छ ।

यस्तै, भारत र बंगलादेश निर्यात गर्न सकिने बिजुलीको मात्रा एवं लगानीका विभिन्न स्रोतसमेत स्पष्टरूपमा उल्लेख गरिनेछ । मन्त्रिपरिषद्मा नै सो कार्ययोजना पेस गरेर व्यापक छलफलपछि पारित गर्ने र साझा योजनाका साथ अगाडि बढाउने सरकारको लक्ष्य रहेको छ ।

यस्तै, नीतिगत सुधार, प्राविधिक जनशक्ति एवं सूचना प्रविधिको प्रयोगलगायतका विषयलाई पनि उत्तिकै महत्त्व दिइएको छ । वन क्षेत्रको जग्गा प्रयोग, जग्गा प्राप्तिमा रहेको समस्या समाधान, निजी क्षेत्रसँगको सहकार्य एवम् स्वदेशी तथा विदेशी लगानीका लागि दातृ निकायबाट ल्याइने लगानीका स्रोत पनि उल्लेख गरिनेछ ।

आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा रहेको ऊर्जा क्षेत्रको विकासलाई सरकारले प्रमुख प्राथमिकता दिएको सन्दर्भमा १२ वर्षे रणनीतिक योजना तयार गर्न लागिएको हो । प्रधानमन्त्री पुष्पकमल दाहालको पछिल्लो भारत भ्रमणका क्रममा १० वर्षमा १० हजार मेगावाट बिजुली भारत निर्यात गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सो समझदारीमा दुई देशका उच्च अधिकारीले छिट्टै अन्तिम हस्ताक्षर गर्ने तयारी गरेका छन् । *रासस*

## संसदीय समितिका सभापतिमा आज उम्मेदवारी दर्ता

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाअन्तर्गत गठित १० वटा विषयगत समितिको सभापति निर्वाचनका लागि कार्यतालिका सार्वजनिक भएको छ । आइतबार सभापतिको उम्मेदवारी प्रस्ताव दर्ता गने र दर्ता भएका प्रस्तावको सूची प्रकाशित गर्ने कार्यतालिका तोकिएको छ । सभापतिका लागि दर्ता प्रस्तावहरू पर्सि सोमबार सम्बन्धित समितिमा निर्णयार्थ प्रस्तुत गरिनेछ ।

‘प्रतिनिधिसभाअन्तर्गतका समितिको सभापतिको निर्वाचनका लागि प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१) बमोजिम सभामुखले २०८० भदौ ११ गते दिउँसो ३ बजेको समय निर्धारण गर्नुभएको छ,’ प्रतिनिधिसभाका सचिव पद्मप्रसाद पाण्डेयद्वारा जारी सूचनामा भनिएको छ ।

प्रतिनिधिसभा नियमावलीमा भएको व्यवस्थाअनुसार संसदीय समितिमा सभामुखले तोकेको दिन सभापतिको निर्वाचन हुने र त्यसको सूचना सचिवले ४८ घण्टाअगावै प्रकाशन गर्नुपर्ने प्रावधान छ ।

प्रतिनिधिसभाको सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस् भनी कुनै अर्को कुनै एक सदस्यको समर्थनसहित आज बिहान ११:०० देखि बेलुका ४ बजेसम्म प्रस्ताव दर्ता गने समय तोकिएको छ । यसरी निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको सूची आजै बेलुका ४:३० बजे प्रकाशन गरिनेछ । यस्तो सूची दर्ताक्रमअनुसार निर्धारण हुने संसद् सचिवालयले जनाएको छ । दर्ता भएको प्रस्ताव सम्बन्धित समितिको बैठकमा प्रस्तावकले सोमबार प्रस्तुत गर्नेछ । समर्थकले उक्त प्रस्तावको समर्थन गरेपछि निर्णयार्थ प्रस्तुत हुनेछ ।

प्रधानमन्त्री र विषयगत मन्त्रालयका मन्त्रीहरू एकभन्दा बढी समितिमा पदेन सदस्य रहने भएकाले यस्ता सदस्यले आफू कुन समितिको मतदानमा सहभागी हुने भन्ने लिखित जानकारी आजसम्ममा सभामुखलाई दिइसक्नुपर्नेछ ।

## सद्भाव...

पृष्ठ १ बाट जारी

‘नेपालको राष्ट्रिय जनावरको रक्षा एवं बहुसंख्यक जनताको भावनाको कदर गर्दै गौवंश हत्यामा संलग्न अपराधी एवं यस प्रकृतिका अपराधीलाई बचाउन खोज्ने तत्व समेतलाई कडाभन्दा कडा कारबाही गर्न हामी सम्बन्धित निकायसमक्ष हार्दिक अपिल गर्दछौं ।’

### अभियानले अशान्त

प्रशासन कुनै पनि कारबाहीमा नउत्रिएको भन्दै केही हिन्दू धार्मिक संघसंस्थाले भदौबाट ‘भदौ ९, धरान जाऔं’ अभियान नै चलाए । अर्कोतर्फ गाइगोरुको मासु खान पाउनुपर्ने भन्दै अभियान चलाइरहेका पक्षले पनि सोही दिन धरानमा शान्तिपूर्ण प्रदर्शन गर्ने कार्यक्रम राखेको थियो । सामाजिक सञ्जालमा दुवैतर्फको अभियानबारे प्रचार भएपछि उक्त दिन अप्रिय घटना घट्ने सम्भावना बढेको थियो । सोही सम्भावित दुर्घटना रोक्न शनिबार दिनभर सुनसरी प्रशासनले धरानमा निषेधाज्ञा जारी गऱ्यो । शुक्रबार धरानमा बसेको सर्वदलीय बैठकले केही दिनदेखि धरानमा देखिएको असहज परिस्थितिले सामाजिक सद्भाव, सहिष्णु वातावरण बिथोलिने आशंका देखिएको भन्दै चिन्ता व्यक्त गर्दै विज्ञप्ति जारी गऱ्यो । राजनीतिक दलहरूका सामूहिक विज्ञप्तिबाट पनि धरान शान्त नहुने स्थिति देखिएपछि प्रशासनले सहर प्रवेशमा थप कडाइ गरेको हो । शनिबार विभिन्न स्थानबाट प्रवेशका लागि ऱ्यालीहरू धरान सोझिए पनि ती बाटैमा रोकिएका थिए । दिनभर कुनै अप्रिय घटना नभएको सुनसरीकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले जानकारी दिइन् ।

### सामाजिक सद्भाव राख्न कांग्रेसको अपिल

धरान घटनालाई लिएर नेपाली कांग्रेसले विज्ञप्ति जारी गरेको छ । ‘परापूर्वकालदेखि विभिन्न जात-जाति, धर्म, संस्कृति र सम्प्रदायका नागरिक आपसी सम्मान र गहिरो सद्भावले मिलेर बसेको मात्रै होइनौं, राष्ट्र निर्माण र विकासका लागि हातेमाले गर्दै आएका छौं,’ कांग्रेस सभापति शेरबहादुर देउवाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘नेपालको कानुनले हरेक व्यक्ति र सम्प्रदायलाई अरुको धर्म, संस्कृति र आस्थामा चोट नपुऱ्याइ आ-आफ्नो धर्म-संस्कृतिको पालना गर्ने स्वतन्त्रता प्रदान गरेको कुरा पनि भुल्नु हुँदैन । साथै, कसैको धर्म, संस्कृति र परम्पराप्रति कसैले दख्खल पुऱ्याउन पनि उचित हुँदैन ।’

नेपालीको भावना र चाहनाविपरीत धार्मिक तथा सांस्कृतिक सद्भाव भड्काउने गतिविधि कसैका लागि पनि हितकारी नहुने नेपाली कांग्रेसको ठहर छ । सामाजिक सद्भाव भड्किँदा निम्तिनसक्ने परिस्थितिको बेलैमा अनुमान गरी हरेक व्यक्ति, समुदाय तथा सम्प्रदायलाई सचेत हुन पनि कांग्रेसले आग्रह गरेको छ ।

अहिले उठेको विवाद र संवेदनशीलतालाई मध्यनजर गरी सबै राजनीतिक दल, स्थानीय जनप्रतिनिधि र धार्मिक सङ्घसंस्था एवं समाजका अग्रज व्यक्ति एक ठाउँमा उभिएर सामाजिक सद्भाव कायम गर्ने कार्यमा जुट्नसमेत कांग्रेसले अपिल गरेको छ ।

राप्रपा प्रवक्ता श्रेष्ठले भने ऱ्याली जायज भएको बताएका छन् । हिन्दू राष्ट्रको माग गर्दै आएको राप्रपाले यसलाई सद्भाव ऱ्यालीको रूपमा लिएको श्रेष्ठले बताएका छन् । ‘गौवंश हत्याको विरोध एवं सनातन धर्मको रक्षाका पक्षमा देशव्यापी देखिएको स्वस्फूर्त प्रदर्शन जायज छ, स्वाभाविक छ । सद्भाव ऱ्यालीले कसैको अहित पनि गर्दैन । संविधानका प्रति राज्य जिम्मेवार नबन्दा कहिलेकाही चिज पेचिलो बन्न जान्छ नै,’ श्रेष्ठले सामाजिक सञ्जालमार्फत भनेका छन्, ‘गौवंश हत्याको विषयलाई राज्यले गम्भीरतापूर्वक लिएको देखिँदैन । धार्मिक आस्था, विश्वास र संवेदनशीलता खेलाँचीको विषय हुनै सक्दैन । धर्म निरपेक्षको आडमा भइरहेको संगठित धर्म परिवर्तनको वेगलाई निस्तेज नपार्ने हो भने सनातन धर्म संकटमा पर्न सक्छ ।’

### प्रधानमन्त्रीले नै द्वन्द्व निम्त्याउन खोजे : कोइराला

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री पुष्पकमल दाहालले नै जातीय द्वन्द्व निम्त्याउने प्रयास गरिरहेको आरोप लगाएका छन् । शनिबार विराटनगरमा नेपाल प्रेस युनियनले आयोजना गरेको कार्यक्रममा धार्मिक सद्भाव लडखडाइरहेको अवस्थामा प्रधानमन्त्रीले नै द्वन्द्व निम्त्याउने खालको अभिव्यक्ति दिएको आरोप कोइरालाको आरोप थियो । ‘अहिलेको अवस्थामा जातीय द्वन्द्व निम्त्याउने प्रयास प्रधानमन्त्रीले गरिसक्नुभएको छ । परिस्थिति धार्मिक खासियत लडखडाएको छ,’ उनले भने, ‘आदिवासी दिवसका अवसरमा प्रधानमन्त्रीजस्तो व्यक्तिले माओवादीले बहुमत ल्याए जातीय पहिचानका आधारमा प्रदेशको नाम राख्ने भन्नुभएको छ । उहाँले जातीय द्वन्द्व बढाउने काम गरिरहनुभएको छ ।’

नेता कोइरालाले सुनसरीको धरानमा भएको घटनाले मुलुकभर असर गर्ने बताए । ‘मुलुकमा कुनै पनि धर्मको बाहुल्यता नभएपछि संविधानमा लेखेको कुरालाई नजरअन्दाज गर्न सकिँदैन,’ उनले भने, ‘संविधानमा लेखिएका कुरा बाहिर कदापी स्वीकार्य हुँदैन । कुनै पनि पनि प्रकारको सद्भाव खलबल्याउने कार्य कहिंकतैबाट हुनुहुँदैन ।’

यद्यपि, कोइरालापक्षीय नेता कांग्रेसका महामन्त्री गगन थापाले पनि प्रदेशको नामाकरणमा सोच्न सकिने बताएका छन् । हाल कोशी प्रदेशमा नामाकरणको विषयलाई लिएर द्वन्द्व चर्किरहेको छ । यसै विषयमा भदौ ४ गते पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित स्व. प्रदीप गिरिको स्मृतिसभाको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै थापाले पहिचानको आधारमा प्रदेशको नामाकरण गर्दा समाजको द्वन्द्वलाई क मगर्न सकिने बताएका थिए ।

शुक्रबारमात्र नेकपा एमलेका अध्यक्ष केपी शर्मा ओलीले सत्ता गठबन्धनको अलोकतान्त्रिक कदमले कोशीमा अस्थिरता निम्तिएको धारणा राखेका थिए । विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरूसँग ओलीले सत्ता गठबन्धनको अलोकतान्त्रिक र असंवैधाानिक क्रियाकलापका कारण कोशीमा अस्थिरता भएको बताएका हुन् ।


### धरानबासीलाई प्रधानमन्त्रीको अपिल

प्रधानमन्त्री दाहालले सामाजिक सद्भाव कायम राख्न आ-आफ्नो तवरबाट पहल गर्न धरानबासीमा अपिल गरेका छन् । शनिबार साँझ विज्ञप्तिमार्फत कानुनतः निषेध गरिएको विषयलाई सद्भाव बिथोल्ने गरी नलाग्न आग्रह गर्दै दाहालले यस्तो अपिल गरेका हुन् । ‘नेपालको संविधानले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक सुनिश्चित गरेको छ । कसैले कसैको धर्म र भावनाप्रति नकरात्मकता, द्वैष बढाउने तथा एक-अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न कानुनतः निषेध गरिएको छ,’ प्रधानमन्त्री दाहालले भनेका छन्, ‘यसका साथै हामी जुनसुकै जाति, भाषा, धर्म र सम्प्रदायका मानिसहरू भए पनि सामाजिक सम्बन्ध र सहकार्यविना हाम्रो व्यक्तिगत जीवन र सामाजिक प्रणालीले पूर्णता प्राप्त गर्न सक्दैन । तसर्थ, हाम्रो एकता, सद्भाव र सहकार्य भावनात्मक सम्बन्धका साथै सामाजिक प्रगति र विकासका निम्ति अपरिहार्यसमेत रहिआएको छ ।’

केही दिनयता सांस्कृतिक नगरी धरानमा भइरहेका गतिविधि र त्यसले हाम्रो सद्भाव एवं एकतामा पार्नसक्ने नकारात्मक प्रभावबारे नेपाल सरकार गम्भीर रहेको उल्ले गर्दै प्रधानमन्त्रीले भनेका छन्, ‘हरेक समस्या, बिमति र चुनौतीहरूलाई संवाद, सहमति, र सहकार्यको बलमा नै समाधान दिन सकिन्छ भन्ने तथ्य हरेक चुनौतीपूर्ण परिस्थितिमा हामीले प्रदर्शित गर्दै आएको एकता र सहकार्यले प्रमाणित गरिसकेको छ । तसर्थ, धरानमा विद्यमान विभाजित मनोविज्ञान र क्रियाकलापलाई पनि संवादको माध्यमबाट समाधान गर्न सकिनेतर्फ गम्भीर ध्यानाकर्षण गराउँदै त्यस दिशामा आवश्यक पहलका निम्ति स्थानीय राजनीतिक दल, सामाजिक संघसंस्थाहरू, बौद्धिक समुदाय र आदरणीय जनसमुदायमा म हार्दिक अपिल गर्दछु ।’

एकले अर्काको विचार, आस्था र भावनाको सम्मान गरेर मात्र साँचो अर्थमा राष्ट्रिय एकता हासिल गर्न सकिने र त्यसका लागि संवाद र सहकार्यका माध्यमबाट समस्याको समाधान गर्न र सम्भावित समस्याहरूबाट समाज र नागरिकलाई सुरक्षित राख्न नेपाल सरकारले आवश्यक सतर्कता अपनाइरहेको व्यहोरासमेत उनले उल्लेख गरेका छन् । ‘सबै धर्मको ध्येय राष्ट्रको हित, नागरिकको आस्था र विचारको सम्मान एवं समाजको सर्वोपरि हित नै हो । बिमतिहरूलाई संवादको माध्यमबाट समाधानमा पुऱ्याउनसमेत राजनीतिक शक्तिहरू, विभिन्न सामाजिक संस्थाहरू, धार्मिक समुदाय र त्यसका अगुवाहरू एवं नागरिक समाजको भूमिका नै महत्त्वपूर्ण रहन्छ । कठिनाइ र चुनौतीको समयमा समस्या समाधानको सुत्रधार बनेर नै हामीले आफ्नो नेतृत्व क्षमता र औचित्यलाई पुष्टि गर्न सक्छौं,’ प्रधानमन्त्री दाहालले भनेका छन्, ‘सामाजिक एकतामा खलल पुग्ने कार्यहरूबाट टाढा रही एकता र सद्भावको पक्षमा उभिन र समस्या समाधानका निम्ति आ-आफ्नो ठाउँबाट सम्भव पहल लिनुहुन धरानबासी जनसमुदाय लगायत सम्पूर्ण नेपालीमा हार्दिक अपिल गर्दछु ।’

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

भदौ १० गते २०८०, आइतबार

| | |
|---|---|
| मेष | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| वृष | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| मिथुन | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| कर्कट | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| सिंह | अरुले आलोचना पनि गर्न सक्छन् । |
| कन्या | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| तुला | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| वृश्चिक | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| धनु | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ |
| मकर | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| कुम्भ | परोपकारमा रुचि बढ्नेछ । |
| मीन | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ १० गते, २०८०, २७ अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**स्वास्थ्य परीक्षण** | हुम्लाको खार्पुनाथ गाउपालिका–४ छिप्रा स्वास्थ्यचौकीको घरभेट कार्यक्रमअन्तर्गत सुत्केरी आमा र बच्चाको स्वास्थ्य अवस्था परीक्षण गर्दै सोही चौकीका अहेब लक्ष्मी डागी ।

*तस्बिरः दाने बोहरा/रासस*

# छ दशकदेखि आरनमा फलाम पिट्दै पदमलाल



**मनहरी (मकवानपुर)–** खरको छानो र काठका बाकलले घेरिएको छ पदमलाल विश्वकर्माको आरन । टाढाबाट हेर्दै झट्ट देखिन्छ आरन । उनको आरनमा छरपस्ट फलामका टुक्रा छन् भने बनाउन ल्याइएका गाउँलेका हँसिया, कोदालो र अन्य फलामका सामग्री रहेका छन् ।

बिहानको खाजानास्तापछिको उनको दिनाचार्य हुन्छ फलामसँग जुध्ने । मकवानपुरको बकैया गाउँपालिका-५ निवासी पदललाल ७७ वर्षका भए । तेह्र वर्षको उमेरदेखि पुर्ख्यौली पेसालाई अँगाल्दै आएका पदमलालको छ दशकभन्दा बढी समय आरनमा फलाम पिटेर बितेको छ ।

गाउँघरमा खेतीपाती गर्नेको संख्या घट्दै गएपछि आरन पेसा संकटमा पर्न थालेको पदमलालले बताए । तेह्र वर्षको कलिलो उमेरदेखि आरन पिट्ने काम गरेको अनुभव सुनाउँदै उनले पछिल्ला केही वर्षयता फलाम पिट्ने काम कम हुँदै गएको बताए । पछिल्लो समय प्रविधिको विकासले फड्को मारेर खेतबारीमा ट्र्याक्टरको प्रयोग हुन थालेपछि हलो, चाँदे, कोदालीको प्रयोगमा कमी हुँदै जाँदा आरन पेसा संकटमा पुग्न थालेको पदमलालको भनाइ थियो ।

'आरनबाट दैनिकीसमेत चल्न गाह्रो पर्न थालेपछि युवा पुस्ताले यो पेसा गर्न रुचाउँदैनन् । पढाइ तथा रोजगारीका लागि अन्यत्र जानेको जमात बढी छ,' उनले भने, 'अहिलेसम्म आरनबाटै चार जनाको परिवारको जीविकोपार्जन भइरहेको छ । पुर्ख्यौली पेसा भएकाले पनि छाड्न मन लाग्दैन ।' आफूले अरु काम नजानेको र बाबुबाजेले पनि यही काम गर्दै आएकाले यसलाई नै निरन्तरता दिएको उनको भनाइ थियो ।

पदमलालले फलाम ल्याएर हँसिया, कुटो, कोदालो, खुकुरी, दाउलगायत सामग्री परम्परागत रूपमा बनाउने गर्छन् । पछिल्लो समय कोइला नपाउने, पाए पनि महँगोमा पाइने हुँदा काममा अप्ठचारो भएको उनले बताए । पहिलेपहिले काम गरेबापत मकै, चामल भाग लिने चलन रहेको बताउँदै अहिले त्यो चलन हराउँदै गएपछि नगद लिने गरेको पदमलालले सुनाउनुभयो ।

'आँखाले देखुञ्जेल फलाम पिट्छु र जीविकोपार्जन गर्छु भन्ने लाग्छ । गाउँ विकास भयो, मेसिनबाट खेतीपाती लगाउन थाले । तैपनि केही चिज आरनमै बनाउन आउँछन्, खुसी लाग्छ,' उनले भने, 'बजारमा फलामका काम गर्ने ग्रील उद्योग खुलेका छन् । त्यसैले पनि आरन आउन छाडेका हुन् ।' प्रविधिको विकाससँगै पेसालाई बदल्न नसक्दा गाउँका कतिपयले आरन पेसा बन्द गरेर अन्य पेसा गरिरहेका उनले बताए । *रासस*

# सिपालु गृहश्रमिकका फेरिएको दैनिकी

■ **शर्मिला पाठक**



**काठमाडौं–** विगत १६ वर्षदेखि श्रीमाया तामाङले भगवान्लाई चढाउन प्रयोग हुने पूजा सामग्री बनाउँदै आएकी छन् । उक्त कार्यबाट उनले मासिक ४० हजार रूपैयाँसम्म आम्दानी गर्छिन् ।

श्रीमायालाई मासिक ४० हजार रूपैयाँ कमाउनका लागि नत नियमित कार्यालय धाउनुपर्छ नत कसैको नमिठो वचन नै सुन्नुपर्छ । उनी भान्साको काम सकेपछि बचेको समयमा घरमै बसेर भगवान्लाई चढाउने पूजा सामग्री बनाउँदै राम्रो आम्दानी गर्छिन् । श्रीमायाले दैनिक २५ वटासम्म पूजा सामग्री 'चोप्पेन' बनाउँछिन् । जसलाई उनले प्रतिगोटा ५० रूपैयाँमा बेच्दै आएकी छन् । बौद्धमा बस्ने श्रीमाया उमेरले ५० काटिसकेकी छन् तर उनमा चोप्पेन बनाउने जाँगर भने पहिलेजस्तै नै छ ।

श्रीमाया गृहश्रमिक हुँ भन्दा आफूलाई आनन्द आउने बताउँछिन् । आफ्नो घरमा बसेर राम्रो आम्दानी भएकोमा उनी खुसी छिन् । श्रीमाया भन्छिन्- जतिबेला कोरोनाको कारण मठमन्दिर र पूजाआजा ठप्प थियो त्यस समयमा भने व्यापार कम थियो अहिले पुरानै लयमा व्यापर फर्किएको छ । काम गर्ने उत्साह उनमा प्रस्ट देखिन्छ ।

श्रीमाया आफ्नो कामप्रति खुसी छिन् । 'शरीरले सक्दासम्म यही काम गर्छु, धर्म र पैसा दुवै कमाइने । सोह्र वर्ष पहिले काम सुरु गर्दा सबै परिवार यही पेसामा लागेका थियौं । यसकै आम्दानीले छोराछोरी बढेर विदेश पलायन भए । अहिले म एक्लैले गर्छु तर यस पेसालाई मेरो उच्च सम्मान छ,' श्रीमायाले खुसी हुँदै विगत सुनाइन् ।

त्यस्तै काठमाडौंको मूलपानीमा विगत ३० वर्षदेखि सिलाइकटाइको काम गर्दै आएकी मञ्जु गजुरेल पनि गृहश्रमिकको रूपमा काम गर्न पाउँदा दंग छिन् । उनले सुरुमा एक्लै काम थालिन् । अहिले ११ जना गृहश्रमिकको समूहको अगुवाइमा उक्त काम समाल्दै आएकी छन् । एक्लैभन्दा समूहमा काम गर्दा सहज भएको उनको अनुभव छ । नाम खुलेर भन्न नसक्ने महिला समूहमा आएका थिए । विस्तारै श्रम बेचेर आम्दानीको स्रोत पहिचान गर्न थालेपछि महिलामा आत्मविश्वास बढ्दै गएको गजुलेल बताउँछिन् ।

'आफ्नो हातमा सीप नहुँदा आर्थिकरूपमा निकै खुम्चिन परेको थियो, अहिले भने आफ्ना लागि कसैसँग माग्नुपरेको छैन, उल्टै परिवारलाई सहयोग गर्दै आएको छु,' खुसीका साथ उनले भनिन् । यद्यपि, पछिल्लो समय उनलाई चिन्ता थपिएको छ । कोरोनापछि उत्पादन भएका सामग्रीले राम्रो बजार नपाउँदा उनमा चिन्ता थपिएको हो । गजुरेलको समूहले गृहश्रमिकको रूपमा नेपाली दौरा सुरुवाल र साना बालबालिकाको लागि न्यानो कपडा सिलाउँदै आएकी छन् । उत्पादन गरेका सामग्री न्युरोडमा बिक्री वितरण हुने गरेको उनी बताउँछिन् ।

गजुरेलले भनिन्, 'पहिलेजस्तो होइन अहिले बजारमा प्रतिस्पर्धा छ, उत्पादन भएका सामग्री कतिबेला घरमा थन्कने र बजार नपाउने हो पत्तो छैन ।' उनले स्थानीय सरकारसमक्ष अनुरोध गर्दै उत्पादन भएका सामग्री बिक्रीको सुनिश्चितता गरिदिए काम गर्ने वातावरण थप सहज हुने आशा व्यक्त गरिन् । गृहश्रमिकले ढुक्कका साथ सामग्री उत्पादन गर्न सक्नेगरी वातावरण बन्दिए हुन्थ्यो भन्छिन्, गजुरेल ।

त्यसैगरी, जोरपाटीमा बस्ने शान्ता कोइरालाले पनि विगत १० वर्षदेखि गृहश्रमिकको रूपमा काम गर्दै आएकी छन् । उनले स्वागतका लागि प्रयोग गर्ने खादा बनाउने काम गर्दै आएकी छन् । कोइराला घरमा बसेरै राम्रो आम्दानी हुने भएपछि घर खर्च चलाउन सहज भएको बताउँछिन् । खादा बनाउनका लागि मिहेनत र लगानी धेरै छ त्यसको आधारमा सामग्रीको बजार छैन भन्छिन्, उनी । 'लामो समयदेखि गृहश्रमिकको रूपमा काम गरेकालाई सरकारले केही दिन बिरामी भएर बस्दा पनि गाँस बासमा समस्या नहुनेगरी थोरै केही आर्थिक व्यवस्था गरिदिए हुन्थ्यो,' उनले स्थानीय सरकारसँग आशा व्यक्त गरिन् ।

गृहश्रमिककै रूपमा बूढानीलकण्ठमा विगत पाँच वर्षदेखि फाइबर माला बनाउने रञ्जु तामाङले भने अन्य गृहश्रमिकले भन्दा फरक कहानी सुनाइन् । प्रयोग भइसकेका फाइबरका झोलाबाट घर सजावटको माला बनाउँदै आएकी उनले आफूले उत्पादन गरेका फाइबर मालाले बजार नपाएकोप्रति दिनरात चिन्ता लागिरहेको बताइन् ।

'झोलाबाट माला बनाउन सिक्दा आफूले ऋण खोजेर सिकेको र अहिले बनाउनका लागि पनि उत्तिकै मेहनत गर्नुपर्छ । जति मेहनत गरेर माला तयार गरे पनि किन्ने मान्छेको अभाव छ,' उनले भनिन् । तामाङका अनुसार विशेषगरी घर सजावटको लागि बढी प्रयोग हुने उक्त माला बनाउनका लागि कम्तीमा पनि दुई दिनको समय लाग्छ । यसरी तयार गरेको सामग्री सहज बिक्री हुन भने निकै कठिन छ ।

एकल महिला उनलाई मेहनतका साथ तयार गरिएका माला समयमा नै बिक्री नहुँदा दैनिक घर खर्च चलाउन पनि समस्या पर्ने गरेको छ । तामाङ भन्छिन्, 'कहिले-कहिले चिनजानको साथीभाइबाट मालाको माग हुने गरेको भए पनि व्यावसायिकरूपमा यसले बजार पाउन भने सकेको छैन ।' गृहश्रमिकका सामग्रीको बजारीकरण सहज बनाइदिन उनले सरकारसँग आग्रह गरेकी छन् । तयार गरेको लामो समयसम्म पनि माला बिक्री नहुँदा लागत मूल्यभन्दा कममा माला बेच्नुपरेको गुनासो उनले सुनाइन् । तामाङले बजार नपाउँदा १२ सय रूपैयाँ पर्ने माला ५०० रूपैयाँमा बेच्दै आएकी छन् ।

पछिल्लो समय गृहश्रमिक एक्लैएक्लै घरमा बसेरभन्दा पनि श्रमिककै अगुवाइ गर्ने विभिन्न संस्था सवा नेपाल, क्लास नेपाल, होमनेट नेपाल नामक संस्थामा आबद्ध भएर काम गर्दै आएका छन् । यसरी काम गर्दा थप ऊर्जा थपिने गृहश्रमिक चन्द्रिका भट्टराईको अनुभव छ ।

### गृहश्रमिकको अवस्था

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) महासन्धि, १७७ का अनुसार गृहश्रमिक भन्नाले रोजगारदाताको कार्यस्थलबाहेक कामदारको घर वा निजले छनोट गरेको स्थानमा बसेर पारिश्रमको लागि श्रम गर्ने व्यक्तिलाई बुझाउँछ । आइएलओले सन् २०१९ मा गरेको अध्ययनअनुसार विश्वभर २६ करोडभन्दा बढी गृहश्रमिक छन् । जसमा तीन करोड ५० लाखले विकसित देशको प्रतिनिधित्व गर्छन् । यो संख्या विश्वव्यापी श्रम शक्तिका श्रमिकमध्ये आठ प्रतिशत हो । तीमध्ये १४ करोड ७० लाख महिला छन् ।

नेपालको सर्न्दभमा राष्ट्रिय तथ्यांक विभागका अनुसार जम्मा श्रम शक्तिको १९.२ प्रतिशत गृहश्रमिक रहेका छन् । जसमा ७० प्रतिशतभन्दा बढी हिस्सा महिला छन् । होमनेट दक्षिण एसियाको अनुमानअनुसार दक्षिण एसियाका भारत, बंगलादेश, पाकिस्तान र नेपालमा मात्र छ करोड ७० लाख गृहश्रमिक रहेका छन् ।

गत वैशाखमा होमनेट इन्टरनेसनलको आयोजनामा काठमाडौंमा गृहश्रमिक सम्मेलन भएको थियो । जहाँ २९ देशका १२७ जना गृहश्रमिक सहभागी थिए । होमनेट साउथ एसियाको क्षेत्रीय संयोजक सृष्टि जोशी मल्लले गृहश्रमिकको थप व्यवस्थापनको पाटो अझै चुनौती रहेको बताइन् ।

श्रमिकले मिहेनतका साथ उत्पादन गरेका सामग्रीको उपयुक्त बजार व्यवस्थापनको पाटो मिलाउनका लागि सम्बन्ध भएका निकायले ध्यान दिनुपर्नेमा उनले जोड दिइन् । तारकेश्वर नगरपालिकाकी उपप्रमुख सृजना बुर्लाकोटीले आफूले नगरपालिकामा श्रम डेक्सको स्थापना गरेको जानकारी दिँदै यसका लागि काठमाडौं उपत्यकाको अन्य स्थानीय तहसँग पनि समन्वय गरेर गृहश्रमिकको हक हितमा काम गर्ने प्रतिबद्धता जनाइन् । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASARAT ALBON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०८ | LT. No. 291580 | चलानी नं. ६०२०६७७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | food and beverage counter worker | 18 | 0 | 1200 | ४२३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १७ गते (3th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JERAM SAGA SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०५/०८ | LT. No. 291514 | चलानी नं. ६०२०६७३६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 20 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १७ गते (3rd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**

Govt. License 937/067/068

Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकारले बेलैमा सोचोस्

भारतले तीन दिनअघि चन्द्रमामा मानवरहित यान सफलतापूर्वक अवतरण गरायो । उत्तरी छिमेकको कुरै नगरौं, संसारकै शक्तिशाली मानिएको अमेरिकासाग हरेक विषयमा टक्कर गरिरहेको छ चीनले । केही महिनाअघि मात्र चीनको जासुसी बेलुन छिरेपछि अमेरिकाले लडाकु विमानबाट उक्त बेलुन खसालेको थियो । चन्द्रयान–३ चन्द्रमा पुऱ्याएर भारतले रेकर्ड राखेको छेकोमा नेपाल भने धार्मिक विषयले तरंगित छ । कतिपयले धार्मिक युद्धसमेत हुने आकलन गरेका छन् । यतिबेला धरान मंगलबारेको घटनाले देश तताएको हो । सामाजिक सञ्जालमा देशविदेशमा रहेकादेखि नेपालमा रहेका नेपालीहरूले यस विषयमा गरमागरम बहस शुरु गरेका छन् ।

कतिपय अतिवादी समूह अर्को अतिवादी समूहविरुद्ध जाइलाग्न शनिबार धरान पस्ने योजनामा थिए । तर उनीहरूको प्रयासलाई स्थानीय प्रशासनले रोकिदिएको छ । पक्कै पनि धार्मिक सद्भाव खल्बलिनु सही होइन । एकले अर्को धर्मलाई सम्मान गर्नु धार्मिक सहिष्णुता हो । नेपालमा हिन्दुदेखि मुस्लिमसम्म सहिष्णुता पालना गर्दै आएका छन् । यही परम्परा अनुरूप नेपाली समाज चल्दै र समृद्ध बन्दै आएको हो । तर पछिल्लो समय नेपालमा न त रोजगार छ, न त राजनीतिक स्थायित्व । कृषिप्रधान देश भनिए पनि कृषिका लागि सरकारको कुनै कुशल व्यवस्थापन छैन । कर्मचारीका लागि तलब दिन सरकारले ऋण लिनुपरिहेको छ ।

व्यापार व्यवसायको पक्षमा कुनै व्यवस्थापन नगरी उनीहरूबाट कर र राजस्व थुत्ने कामबाहेक सरकारले अरु काम गर्न जानेको छैन । सरकारको यो नीतिले जनता वाक्क छन् । जनप्रतिनिधिले चुनावबाहेक अरु बेला नसम्झेपछि आफ्ना सन्तानलाई विदेश पठाउनेबाहेक अरु कुनै बाटो देखेका छैनन् नेपाली अभिभावकले । जसकारण हरेक दिन नेपालका होनाहार युवाहरू विदेश उडिरहेका छन् । नेपालमा भएकाहरूले काम पाइरहेका छैनन् । निर्वाहमुखी शिक्षाले गर्दा सरकारका हरेक नीति असफल छन् । समाजमा द्वन्द्वको प्रमुख कारण अभाव हो । यही कारण अहिले धरानमा अशान्ति मच्चिएको छ । गौबध वा कुनै निहु भए पुग्यो, फुर्सदमा रहेकाहरू जता पनि पुग्ने नै भए । के अब यसरी नै जनतालाई रणभुल्लमा पारिराख्ने नीति नै हो त सरकारको ? कुनै बेला भारतको भन्दा बलियो नेपाली रूपैयााको हालत यति कमजोर बनेको छ । बित्तिय अपराधसम्बन्धी कानुन बनाउन सकिरहेको छैन । यसले समाजमा झनै भ्रष्टाचार बढाउने नै भयो । अव्यवस्थित ऋणले हरेक नेपालीलाई मानासिक रोगी बनाउने क्रम जारी छ । यस्तो अवस्था सुधार्न राजनीतिक नेतृत्व बेलैमा सुझबुझपूर्ण निर्णय गरोस् ।

## मनन्योग्य

### चाणक्य नीति

अब राजवैद्यलाई लाग्यो उसमाथि चट्टान नै फुट्न लाग्यो । आश्चर्य मान्दै चन्द्रगुप्तले सोधे-'मैले कुरो बुझिन गुरुदेव !'

उनलाई सम्झाउँदै चाणक्यले भने-'तपाईले परीक्षण गरेपछि मात्र खाने पिउने गर्नुपर्छ । आफूले खान लागेको वस्तु हानिकारक छ कि ? विचार पुऱ्याउनुपर्छ ।'

चाणक्यले वैद्यतिर फर्केर भने वैद्यजी ! माफ गर्नुस्, राज्यव्यवस्थाको कठोर नियमले गर्दा राजालाई खुवाउन लाग्नु भएको यो ओखतिलाई म पहलि विरालोलाई खान दिई परीक्षण गर्दछु । त्यसपछि मात्र तपाईले यो औषधि महाराजलाई खुवाउनुहोस् ।

यो सुनी वैद्यका हात काम्न थाले । मुख डरले पहेंलो भयो । उनले आफ्नो मृत्यू साक्षत् खडा भएको देख्न लागे । कथा डरने पहली भयो आफ्नो मृत्यु साक्षात् बडाएको देख्न लागे ।

वैद्यको यस्तो हालत चाणक्यले देखी तुरुन्तै परिस्थिति बुझे । चन्द्रगुप्तसँग भने-'देख्नुभयो राजा ! यो षडयन्त्र तपाईलाई सपनामा पनि जानकारी थिएन होला । तर मलाई सन्देह भयो । त्यसबेला जुनबेला वैथने सबै सेवक बाहिर पठाए । किनकि, आफूले चाहेअनुसार औषधिमा विष बाहिर पियाउन तयार गर्न सकियोस तर यिनले यो पनि बिर्सिए चाणक्य पूर्णतः चैतन्य अवस्थामा छ ।'

राजवैद्यले बुझे अब बाँच्ने कुनै उपाय छैन । बन्दी भई कारागारको यातना जो सोच्दै थिए शरीरमा कम्पन आयो अनि त्यो विषको प्याला (भाँडा) एकै सासमा पिई आफ्नो प्राणको अन्त्य गरे । यसरी राक्षसको डरलाग्दो षड्यन्त्र चाणक्यका सजगताले समाप्त हुनगयो ।

सुख, दुःख, जय पराजय समुद्रका तरजस्तै हुन्छन् । दुःखपछि सुख, सुख दुख जान्छ जसले पराजयबाट साहस छोडी बस्छ त्यो मृतप्रायः हुन्छ । युद्ध हतियारबाट मात्र गरिदैन बुद्धि, विवेक, साहस, धैर्य आदिका नेतृत्व जितिन्छ ।

टा...ढा, सहर सीमाभन्दा धेरै टाढा सुनसान जंगलको प्राकृतिक गुफामा आफ्ना विश्वस्त साथीसहित राक्षस विचारमा मग्न थिए । विषयवस्तु अत्यन्तै गोपनीय थियो व्याकुलताले साथीका चेहरातिर हेरिरहेथे । त्यतिबेलै कुनै एक गुप्तचर आई वैद्यको असफलता र मृत्युको समाचार सुनायो । क्रमशः

# द्वन्द्वलाई शान्तिमा रूपान्तरणका अभ्यास



▸▸ सन्तोष पौडेल

> द्वन्द्वपीडितलाई स्वरोजगार मूलक तालिम उपलब्ध गराउने र विभिन्न आयमूलक उद्यमहरु सञ्चालन गर्न औजार र विनाधितो ऋण प्रदान गर्ने, सहयोग दिने गरेमा पनि पीडितहरूले आफ्नो पीडा भुल्ने र समाजसँग सहजतापूर्वक भिज्ने मौका पाउँछन् । पीडितहरूलाई उमेर, स्तर, रूचि र क्षमता अनुरूपका कामहरूमा अभ्यस्त गराएर उत्पादनमा जोड्न सकियो भने अन्य रोजगारी सिर्जना हुने र पीडितहरूको पनि क्षमता अभिवृद्धि हुन गई समाजमा ठूलो टेवा पुग्छ ।

समाज द्वन्द्वबाटै निर्माण भएको हुन्छ । विनाद्वन्द्वको समाज परिकल्पना साम्यवादमा मात्रै सम्भव हुन्छ । व्यक्तिभित्र पनि द्वन्द्व हुन्छ । परिवारमा पनि द्वन्द्व हुन्छ, समाजमा पनि द्वन्द्व हुन्छ र राष्ट्रमा पनि । राज्यभित्र पनि द्वन्द्व हुन्छ, अन्तरराज्य पनि द्वन्द्व हुन्छ । सबै द्वन्द्वका कारण हुन्छ र समाधान पनि । द्वन्द्वको रोकथाम पनि हुन्छ र व्यवस्थापन पनि हुन्छ । तर, द्वन्द्व अन्त्य भने हुँदैन । द्वन्द्वको रूप परिवर्तन गर्न सकिन्छ । त्यसो भनेर फेरि द्वन्द्वका पक्षमा वकालत गर्न खोजिएको भने होइन । यहाँ द्वन्द्वलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुराको चर्चा गर्न मात्रै खोजिएको हो ।

द्वन्द्व सुसुप्त र क्रियाशील हुन्छ, द्वन्द्व देखिने र अदृश्य हुन्छ, द्वन्द्व शान्तिपूर्ण र हिंसात्मक हुन्छ । जसरी द्वन्द्वको रूप फरक-फरक छन्, त्यसैगरी यसको व्यवस्थापनको विधि पनि फरक-फरक हुन सक्छन्, समाधानको प्रक्रिया पनि फरक-फरक हुन सक्छन् । जबसम्म द्वन्द्वको व्यवस्थापन सही ढंगले हुँदैन, तबसम्म द्वन्द्व पुरानै रूपमा आउन सक्छ । द्वन्द्वको व्यवस्थापन हुनु भनेको द्वन्द्वलाई पूर्णरूपमा शान्तिमा फेर्नु हो । जबसम्म द्वन्द्व पूर्णरूपमा शान्तिमा फेरिँदैन तबसम्म जारी हुने प्रक्रिया शान्ति प्रक्रिया हो । शान्ति प्रक्रिया त्यतिबेला पूर्णरूपमा सम्पन्न हुन्छ जतिबेला द्वन्द्वका सबै विशेषताहरू अन्त्य हुन्छन् । सुसुप्त द्वन्द्व सतहमा नआउञ्जेल त्यो त्यति धेरै हानिकारक र क्षतिदायक, पीडादायक हुँदैन । अदृश्य द्वन्द्व सतहमा नदेखिए पनि असरदायी हुनसक्छ भने सतहमा प्रकट भएपछिको द्वन्द्व असरदार पनि हुन्छ र समाधान गर्न सहज पनि हुन्छ । जुनसुकै प्रकारको द्वन्द्वलाई पनि शान्तिपूर्ण माध्यमबाट समाधान गर्नु उचित हुन्छ ।

हिंसाका माध्यमद्वारा समाधान गरिएको द्वन्द्व सुसुप्त अवस्थामा जाने र त्यसले फेरि हिंसाकैरूपमा प्रकट हुने खतरा रहन्छ । त्यसैले शान्तिपूर्ण वा हिंसात्मक जस्तोसुकै द्वन्द्वलाई पनि शान्तिपूर्ण वार्ताका माध्यमबाट समाधान गर्नसकेमा भविष्यमा पुनः द्वन्द्व त्यसैखालको द्वन्द्वको जन्म हुन पाउँदैन । द्वन्द्व पूर्णरूपमा शान्तिमा फेरिएको आभास त्यतिबेला मात्रै हुन्छ, जतिबेला द्वन्द्वरत पक्षहरू पूर्णरूपमा मिलापमा आउँछन् र द्वन्द्वपीडितहरूको उचित व्यवस्थापन हुन्छ ।

नेपाल यतिबेला दशक लामो सशस्त्र जनयुद्धपश्चात् शान्तिमा संक्रमण गर्दै छ । शान्ति प्रक्रियाले पूर्णता पाउँदै गर्दा संविधानसभाबाट नयाँ संविधान पनि प्राप्त भएको छ । जो द्वन्द्वमा उठेको एक मुख्य राजनीतिक माग थियो । राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, संविधानसभाको स्थापना, समावेशिता, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्यायसहितको प्रजातन्त्रलगायतका विषयहरू तत्कालीन द्वन्द्वरत पक्षले उठाएका माग र एजेण्डाहरू थिए । यसको लागि करिब १७ हजार नेपालीले ज्यान गुमाए । हजारौं घाइते अपांग भए भने हजारौंको संख्यामा अझै पनि बेपत्ताको अवस्थामा छन् । लाखौं मान्छेहरू द्वन्द्वको प्रक्रियामा यातनापीडित र प्रभावित भए ।

अहिले शान्ति प्रक्रियाले पूर्णता पाउँदै गर्दा ती ज्यान गुमाउनेका परिवार, बेपत्ता नागरिकका परिवार, घाइते, अपांग, यातनापीडित र प्रभावित सबैको व्यवस्थापन हुन जरुरी छ । उनीहरूको उचित सम्बोधन हुनु जरुरी छ त्यसो नहुँदा फेरि पनि द्वन्द्व बल्झन सक्ने खतरा हुन्छ । हामीले माथि नै चर्चा गरिसकेका छौं, द्वन्द्वको अन्त्य हुँदैन यसको रूप परिवर्तन हुन्छ । किनभने द्वन्द्व समाजकै प्रवृत्ति हो । समाज रहेसम्म द्वन्द्व पनि रहन्छ नै । मात्रै फरक यति हो कि एकैरूपको द्वन्द्व सधैं रहिरहँदैन र रहनु पनि हुँदैन ।

द्वन्द्वको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा विभिन्न मतहरू रहेका छन् । विश्वमा देखापरेका विभिन्न द्वन्द्वको व्यवसथापन आ-आफ्नै ढंगले भएका दृष्टान्तहरू पनि छन् । संयुक्त राष्ट्रसंघ विश्वभरका द्वन्द्व व्यवस्थापनमा भूमिका निर्वाह गरिररहेको एक साझा संस्था हो । यसको एक सदस्य राष्ट्र नेपाल पनि हो । विभिन्न कालखण्डमा विभिन्न मुलुकमा भएका द्वन्द्वहरूलाई विशेषतः शान्तिपूर्ण वार्ताको माध्यमबाट नै हल भएको छ । कतिपय अवस्थामा बल प्रयोग गरेर पनि हल गर्ने गरिएको छ ।

अमेरिकाले विभिन्न मुलुकमा भएका आन्तरिक द्वन्द्वहरूमा पनि अनावश्यक बल प्रयोग गरेको भनेर आलोचना पनि आउने गरेको छ । जस्तोः अफगानिस्तान, इराक, सिरिया, क्युवा, भियतनामलगायतका देशहरूमा । त्यसैगरी कतिपय देशहरूमा वार्ता विफल भएपछि आक्रमणको माध्यमबाट पनि द्वन्द्वको अन्त्य गरिएको छ, जस्तोः श्रीलंका । श्रीलंकामा प्रमुख विपक्षी नेता प्रभाकरणलगायतको टिमलाई मारेरै द्वन्द्वको अन्त्य गरियो भने इराकमा पनि सद्दाम हुसैनलाई मारेरै छाडियो । तर, हिंसाको माध्यमबाट अन्त्य भएका द्वन्द्वहरूको पुनः उठान हुने सम्भावना रहन्छ ।

द्वन्द्व जसरी समाधान गरिए पनि द्वन्द्वमा पीडित भएकाहरूको व्यावहारिक रूपको व्यवस्थापन दिगो शान्ति स्थापनाको अनिवार्य सर्त हो । व्यावहारिक व्यवस्थापन भनेको पीडित परिवारका लागि राहत, रोजगारी र भरणपोषणसहित समाजमा पुनर्मिलन र पुनःस्थापित गर्ने विषयहरू हुन् । मृत्यु भएकाहरूको सम्मान, उनीहरूलाई स्थापित गराउने र उनीहरूको परिवारलाई तत्काल राहतको साथै दीर्घकालीन रूपमा जीवनयापनको आधारहरू जस्तैः निवृत्तिभरण र रोजगारी प्रदान गर्नुपर्दछ । त्यसैगरी बेपत्ता भएकाहरूको हकमा उनीहरूको खोजी, स्थितिको सार्वजनिकीकरण, परिवारलाई तत्कालका लागि राहत र दीर्घकालका लागि जीवनयापनको माध्यम रोजगारी र निवृत्तिभरण उपलब्ध गराउनुपर्दछ । त्यसैगरी घाइते अपांगको हकमा उचित औषधोपचारको व्यवस्था गर्नुका साथै अपांगको प्रकृति हेरी हेरालु र जीवनयापनका लागि भत्ता, निवृत्तिभरण र रोजगार उपलब्ध गराउनुपर्दछ । यातनापीडितको हकमा उसलाई तत्काल केही राहत रकम उपलब्ध गराइनुका साथै उसमा विद्यमान यातनाको प्रकृति अध्ययन गरी उपचार र परामर्श उपलब्ध गराउनुपर्दछ ।

पीडितहरूका बालबच्चालाई राज्यले निःशुल्क पढ्न पाउने पूर्ण व्यवस्था गर्नुपर्दछ । त्यसैगरी सबै प्रकृतिका कमजोरी र अपराधहरूको छानबिन गरी पीडक र दोषीलाई दण्डको भागिदार बनाउनुपर्दछ । घटनाको न्यायिक छानबिन गर्न अधिकार सम्पन्न न्यायिक आयोग निर्माण गरी सकेसम्म छोटो समयमै छानबिन गरी प्रक्रिया टुंग्याउनुपर्दछ । गल्ती वा अपराध जसले गरे पनि दण्ड सजायको भागिदार हुन्छ भन्ने मान्यता स्थापित हुन नसक्दा द्वन्द्वको पूर्णरूपमा अन्त्य हुन सक्दैन । भए पनि अस्थायी प्रकृतिको हुने र पुनः त्यसको प्रादुर्भाव हुने खतरा रहिरहन्छ । त्यसैले द्वन्द्वको कारण पत्ता लगाई त्यसका मुख्य कारणहरूलाई निमिटचान्न पार्न सक्नु नै द्वन्द्वको कुशल समाधान हुनसक्छ ।

नेपालका सन्दर्भमा कुरा गर्दा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले शान्ति प्रक्रिया अवलम्बन गरेदेखि नै मूलधार शान्तिमा आए पनि केही शाखा र प्रशाखाहरू असन्तुष्टि व्यक्त गर्दै पुनः द्वन्द्वको मार्गमा अग्रसर भइरहेका छन् भने माथि उल्लेख गरिएका द्वन्द्वका मुख्य कारणहरूको खोजी गरी त्यसलाई समाधान गर्न ढिलाइ भइसकेको छ । हुन त बेपत्ता नागरिक खोजबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगहरू निर्माण भएका छन् तर तिनको क्षेत्राधिकार र कार्यशैलीबारेमा केही सन्देहहरू छन् । ती आयोगले रिपोर्टमात्रै बुझाउने हो भने पुरानै विभिन्न आयोगभन्दा तात्त्विक फरक हुनसक्ने छैन ।

द्वन्द्वपीडितलाई स्वरोजगारमूलक तालिम उपलब्ध गराउने र विभिन्न आयमूलक उद्यमहरू सञ्चालन गर्न औजार र विनाधितो ऋण प्रदान गर्ने, सहयोग दिने गरेमा पनि पीडितहरूले आफ्नो पीडा भुल्ने र समाजसँग सहजतापूर्वक भिज्ने मौका पाउँछन् । पीडितहरूलाई उमेर, स्तर, रुचि र क्षमता अनुरूपका कामहरूमा अभ्यस्त गराएर उत्पादनमा जोड्न सकियो भने अन्य रोजगारी सिर्जना हुने र पीडितहरूको पनि क्षमता अभिवृद्धि हुन गई समाजमा ठूलो टेवा पुग्छ ।

बालबालिका, महिला तथा वृद्धवृद्धाहरूलाई विशेष हेरचाह र संरक्षण केन्द्रहरू निर्माण गर्नु जरुरी हुन्छ । राज्यका हरेक निकायहरूमा निश्चित समयावधिसम्म द्वन्द्वका पीडित र प्रभावितहरूलाई आरक्षणको व्यवस्था गरी सुविधा र अवसर प्रदान गरिनु पर्दछ । त्यसैगरी पीडितहरूलाई पहिचान र वर्गीकरण गरी यातायात, शिक्षा, स्वास्थ्य, मनोरञ्जनका क्षेत्र र सेवाहरूमा विशेष छुटको व्यवस्था गरिनुपर्दछ । त्यसका लागि पीडितहरूलाई पहिचान प्रस्ट खुल्नेगरी राज्यले परिचयपत्रको व्यवस्था गरिदिनुपर्दछ । सम्मानपत्र र परिचयपत्र पीडितहरूको अधिकार र गौरव हो भन्ने कुरालाई दह्रो गरी स्थापित गर्न सक्नु पनि द्वन्द्व व्यवस्थापनको एक मुख्य पक्ष हो ।

त्यसैले द्वन्द्व व्यवस्थापनमा राज्यमात्रै नभई नागरिक समाज र समाजका हरेक व्यक्तिको उत्तिकै भूमिका हुन आउँछ । पीडितहरूलाई समाजमा तिरस्कार होइन, सम्मान र हौसला प्रदान गर्न सक्नुपर्दछ । समाज सबैको हो, समाज सबैका लागि हो भन्ने मान्यताको विकास गरेर मात्रै सबै प्रकारका द्वन्द्वलाई पूर्णरूपमा शान्तिमा रूपान्तरण गर्न सकिन्छ । *रासस*

*(लेखक प्रेस सेन्टर नेपालका महासचिव हुन्)*

## पत्र–मञ्जुषा

# विपद्बाट हुने क्षतिबारे कहिले सचेत हुने ?

मुलुकमा विभिन्न समयमा आएका विपत्तिले ठूलो क्षति पुऱ्याउँदै आएको छ । २०७२ वैशाख १२ गते महाभूकम्प गयो । भूकम्पका कारणका कतिपय घरहरू पूर्णरूपमा क्षतिग्रस्त भए । धेरै घर ध्वस्त भएका थिए । नभत्किएका घरहरू पनि बांगिएका र चर्किएका थिए । त्यतिबेला हजारौंले ज्यान गुमाए । घरले थिच्दा अकालमै धेरैको मृत्यु भयो । त्यतिबेला घरहरू ध्वस्त हुनुको प्रमुख कारणचाँहि सरकारको लापारबाही हो । हामीकहाँ माटो परीक्षण नगरिकन घर बनाउने प्रचलन छ । माटोले खाल्डो पुरेर त्यहाँ घर निर्माण गरिन्छ ।

जग पनि माटोको गहिराइसम्म हालिएको हुँदैन भने कमसल सामानको प्रयोग गरिएको हुन्छ । जसले गर्दा एकछिनमै राजधानीसहित अन्य जिल्ला ध्वस्त भए, त्यसमै परेर धेरैले ज्यान गुमाए । अपार्टमेण्टहरू पनि चर्किए । नेपालमा २०७२ सालमामात्रै भूकम्प आएको होइन । त्यसअघि पनि पटक-पटक भुइँचालो आएको थियो । १९९० सालमा पनि ठूलो भूकम्प आएको थियो । धेरैको ज्यान भूकम्पले लग्यो । त्यसपछि पनि बारम्बार भूकम्प गयो । विडम्बना, कसैको चेत खुलेन ।

भूकम्प आएर त्यत्रो जनता मरेपछि सरकारले कडा कानुन बनाउनुपर्थ्यो । प्राकृतिक विपद् हो, जतिबेला पनि आउनसक्छ । तर, सरकार र जनता दुवैले बेवास्ता गरियो । मनलाग्दी हिसाबले भवन निर्माण गर्ने क्रम जारी नै छ । वैशाख १२ गतेको महाभूकम्पमा धेरै धनजनको क्षति भएपछि सरकारले भवन निर्माणका लागि मापदण्ड बनाएको छ । पहिलेपहिले तीनतिरै जोडिएका घरहरू हुन्थे । खाली ठाउँ नछोडिकन घर बनाउने चलन थियो ।

जसका कारण भूकम्प आउँदा निकै समस्या पर्यो । बस्नका लागि खाली ठाउँ नहुँदा जनता सडकमै बास बसेका थिए । एउटा घरले अर्कोलाई पनि क्षति पुऱ्यायो । एक-दुई आनामा घर बनाउँदा परेको समस्या त्यतिबेला सबैले बुझे । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको सरकारले यी सबै कुरालाई मध्यनजर गर्दै घर निर्माणका लागि मापदण्ड ल्यायो । जसमा चार आनाभन्दा कम जग्गामा घर बनाउन नपाइने भनिएको छ । कमसल जग्गामा पनि घर निर्माण गर्न रोक लगाइयो ।

खाल्डो पुरेर भवन ठडयाउने प्रवृत्ति हामीकहाँ छ । जसका कारण घरहरू बलिया भएनन् । सरकारले त्यस विषयलाई पनि ध्यानमा राख्दै माटो परीक्षण गर्नुपर्ने निर्णय गऱ्यो । त्यसकै आधारमा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७९ जेठ ९ गते चार आना एक दामभन्दा मुनि जग्गाको कित्ताकाट नहुने निर्णय गऱ्यो । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालको सरकारले सो निर्णय उल्टाइदियो । साढे दुई आना जग्गा पनि कित्ताकाट हुने भनियो ।

अंशबण्डा गर्दा एक आना पनि कित्ताकाट गर्ने सरकारको नीति छ । सहरी विकास मन्त्रालयको कारणले सहर अस्तव्यस्त बन्ने हो । अब एक आना जग्गामा पनि घर बन्ने भो । अरुको त कुरा छोडौं, देशकै नेतृत्वसमेत यस्ता छन् । भूकम्प आयो र जनताको ज्यान गयो भने जिम्मेवार कसले लिन्छ ? यसअघि चर्किएका घरहरू मर्मत गरिएको छ । रङ लगाएर, मार्बल टाँसेर बसोबास गर्दै आइएको छ । भूकम्पले ध्वस्त नभए पनि जग त हल्लियो ।

ती घरमा बस्नसमेत जोखिमपूर्ण छ । तैपनि रङरोगन गरेर र ढुंगा टाँसेर बस्नयोग्य बनाइएको छ । काठमाडौं उपत्यकाभित्रका होस् या बाहिरको, ९८ प्रतिशत घर सरकारको मापदण्डभित्र पर्दैन । कतिपय घरधनीले नक्सा नै पास नगरिकन घर बनाएका छन् । दुई तलाको नक्सा पास गरेर पाँच तलाको घर ठडयाइएको छ । घरजग्गा व्यापारीहरूले सरकारको नीतिलाई नै धोती लगाइदिएका छन् । उनीहरूले धेरै नाफा कमाउनका लागि कमसल सामानको प्रयोग गरेर घर ठडयाएका छन् ।

२०५४ सालमा स्थानीय तहको चुनाव भयो । त्यसपछि चुनाव हुन सकेन, सरकारी कर्मचारीहरूले जनप्रतिनिधिले गर्ने काम गरे । लामो समयपछि २०७४ सालमा आएर स्थानीय चुनाव भयो । भोट र नोटका लागि जनप्रतिनिधिहरूले धमाधम घरको सम्पन्नताको प्रमाणपत्र दिए । पहिलेको ले त गरेगरे, नयाँले पनि जारी राखेका छन् । मेयर र वडाध्यक्षलाई भोट र पैसा भए पुग्यो । मापदण्ड नपुगेका घरलाई सम्पन्नताको प्रमाणपत्र दिइएको छ ।

ती घरहरूले सामान्य भूकम्पको पराकम्पसमेत थेग्न सक्दैन । लोभमा पर्दा जनताको अकालमा ज्यान जान सक्छ भनेर समेत उनीहरूले सोचेनन् । जनतासँग कर लिने, भोट लिने अनि उनीहरूकै बाँच्ने अधिकार सुरक्षित नगर्ने । सरकारले अब घरहरूको अनुगमन गर्नुपर्छ । बस्न लायक नभएका घरहरूको सेवासुविधा कटौती गर्नुपर्छ । मरेपछि जनता फर्केर आउँदैन भन्ने कुरा सरकारले ध्यानमा राख्नुपऱ्यो ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**सडकको दुरावस्था** | धनुषाको विदेह नगरपालिका–६ तिनकौरिया चोकस्थित सडकमा जमेको पानीले गर्दा सास्ती भोग्दै सर्वसाधारण । सडक मर्मत नहुादा वर्षाको बेला यसरी सडकमा पानी जम्ने गरेको छ ।

*तस्बिरः चन्द्रदेव साह/रासस*

# आमाहरूलाई पढाउँदै सेवानिवृत्त शिक्षक

**बेनी (म्याग्दी)–** प्रकाश माध्यमिक विद्यालयबाट सेवानिवृत्त शिक्षक हरिकृष्ण सुवेदी आमाहरूलाई पढाउन पुनःस्वयंसेवक शिक्षकका रूपमा शिक्षण पेसामै फर्किएका छन् । पढ्ने रहर अधुरै भएका आमाहरूलाई लक्षित गरेर बेनीको मंगलाघाटमा सञ्चालित उज्यालो वैकल्पिक विद्यालयमा ६२ वर्षीय सुवेदीले स्वयंसेवक शिक्षकका रूपमा शिक्षण पेसालाई पुनःनिरन्तरता दिएका हुन् ।

लामो समयसम्म प्रकाश माविको प्रधानाध्यापक भएर जिम्मेवारी पूरा गरेका सुवेदीले अस्थायीसहित ४३ वर्ष छ महिना १८ दिन शिक्षण गरेका थिए । २०७८ फागुन १८ गते अनिवार्य अवकाश लिएर सेवानिवृत्त दैनिकीमा समय बिताउँदै आएका सुवेदी यही भदौ पहिलो सातादेखि उज्यालो वैकल्पिक विद्यालयमा जोडिएका हुन् ।

आमाहरूले अध्ययन गर्दै आएको विद्यालयमा शिक्षकको अभाव भएको र विद्यालय व्यवस्थापन समितिबाट भएको आग्रहबमोजिम आफू स्वयंसेवक भूमिकामा पुनःशिक्षणमा फर्किएको उनले बताए । 'अधिकांश विद्यार्थी आमाहरू नै छन्, उनहरूमा पढ्ने तीव्र इच्छाशक्ति छ, मेरो अनुभव र क्षमताले भ्याएसम्म उनहरूको सिकाइ उपलब्धि बढाउनतर्फ मेरो प्रयास रहन्छ,' सुवेदीले भने ।

सानो उमेरमा अध्ययन गर्न नपाएका, बीचैमा विद्यालय छाडेका महिला र आमाहरूलाई लक्षित गरेर बेनी सामुदायिक विद्यालय मातृ विद्यालय रहनेगरी वि.सं. २०७१ देखि बेनीमा उज्यालो वैकल्पिक विद्यालय सञ्चालनमा आएको थियो । अहिले सामाजिक विकास कार्यालय सञ्चालनमा रहेको तत्कालीन महिला तथा बालबालिका कार्यालयको भुँइतलामा कक्षाकोठा व्यवस्थापन गरेर कक्षा १ देखि १० सम्म पठनपाठन सञ्चालन गर्दै आइएको छ ।

विद्यालयमा अहिले ३३ विद्यार्थी अध्ययनरत छन् । विविध कारणले बीचैमा पढाइ छाडेका महिला र आमाहरू नै विद्यालयका विद्यार्थी हुन् । जीवनको कुनै चरणमा शिक्षाको ठक्कर लागेर अध्ययन गर्न आएका आमाहरू विद्यार्थी भएकाले पनि पठनपाठन गराउन सहज भएको शिक्षक



सुवेदीको भनाइ छ ।

'विद्यालयमा सबैभन्दा गाह्रो काम भनेको विद्यार्थीलाई प्रेरणा दिनु हो, उनहरू आफैं पढ्नुपर्छ भनेर विद्यालय आएको छ, पढ्ने उत्कृष्ट चाहना हुनु नै आधा सिकाइ हुनु हो, हामीले उनहरूको क्षमताको पहिचान गरेर सिकाइ उपलब्धि बढाउने गरी शिक्षण गर्ने जमर्को गर्छौं,' उनले भने । शिक्षाको अवसरबाट बञ्चित भएका आमाहरूलाई साक्षर गराउने कार्यमा सहभागी हुन पाउनु आफ्ना लागि पनि योगदान गर्ने अवसर रहेको सुवेदीको भनाइ छ ।

शिक्षक सुवेदीसहित विद्यालयमा नवनियुक्त तीन शिक्षकलाई शुक्रबार विद्यालयमा स्वागत गरिएको छ । सेवानिवृत्त जीवन आमाहरूलाई साक्षर बनाउने कार्यमा खर्चिनु आफैंमा स्वागतयोग्य र प्रशंसनीय रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेश शाक्यले बताए ।

लामो समयसम्म एउटा विद्यालयको प्रधानाध्यापक भएर विद्यालयलाई उत्कृष्ट बनाउन सफल शिक्षक सुवेदीको आगमनले उज्यालो वैकल्पिक विद्यालयको समग्र शैक्षिक विकास र गुणस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको अध्यक्ष शाक्यले बताए । यस विद्यालयमा अहिले छ जना शिक्षक कार्यरत छन् ।

विद्यालयमा अध्ययन गरेर दुई वर्षदेखि आमाहरूले एसइई परीक्षासमेत उत्तीर्ण गर्दै आएको छ । यस वर्षको एसइईमा नौ आमाहरू एसइईमा उत्तीण हुन सफल भएको विद्यालयका शिक्षक साहारा थापाले जानकारी दिए । उनका अनुसार विद्यालयमा ६० वर्षसम्मका आमाहरू अध्ययनरत छन् ।

विद्यालय सञ्चालनमा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय, शिक्षा विकास तथा समन्वय एकाइ र बेनी नगरपालिकाले सहयोग गरेका थिए । सहयोगको निरन्तरता नभएको र स्रोतको सुनिश्चितता नहुँदा सहयोग जुटाएर विद्यालयमा कार्यरत शिक्षकको तलब सुविधा उपलब्ध गराउनुपर्ने बाध्यता आएको विद्यालय व्यवस्थापन समितिका सहसचिव सन्दीप खत्रीले बताए । *रासस*

# देउडाले गुञ्जायमान सुदूरका बस्ती

**दोधारा चाँदनी (कञ्चनपुर)–** सुदूरपश्चिमका गाउँ-बस्ती यतिबेला देउडा गीतले गुञ्जायमान छन् । गौरापर्वको अवसरमा देउडा, ढुस्को, धुमारी र ठाडो खेलको रौनक सुदूरका हरेक बस्तीमा छाएको छ । काठमाडौंको टुँडिखेलदेखि पश्चिमको दार्चुलासम्म देउडा खेलले माहोल रोमाञ्चक बनेको छ । अहिले सुदूरपश्चिमवासी देउडामा रमाएका छन् ।

देउडा डोटयाली लोकसाहित्यको एक प्रमुख विधा हो । यो विधा लोकगीतसँग सम्बन्ध राख्दछ । देउडा गायन र खेल दुवैरूपमा प्रस्तुत हुने गर्दछ । देउडा खेल्दा गोलो घेरामा एकापसमा हात जोडेर गाउँदै पैतलाको तालमा घुम्ने गरिन्छ । पाइतालाको चालकै आधारमा डेढ पाइला अगाडि र डेढ पाइला पछाडि चलाउँदै खेलिने भएकाले यसको नाम देउडा रहन गएको जानकार बताउँछन् ।

'देउडा खेल्दा डेढ पाइला अगाडि र पछाडि सर्ने भएकाले देउडा भनिएको हो,' साहित्यकार कविराज भट्टले भने, 'देउडा लोकवार्ता र लोकनृत्य पनि हो ।' यो सुदूरपश्चिमको ऐतिहासिक, धार्मिक महत्त्व र पहिचान पनि भएकाले यसको निरन्तरता आवश्यक रहेको उनले बताए । देउडामा देवगाथालाई मनोरञ्जनात्मकरूपमा प्रस्तुत गरिन्छ ।

'देउडा खेलमा दुई वा दुईभन्दा बढी डेउडियाबीच दोहोरी हुने गर्दछ,' भट्टले भने, 'यसमा एउटाले प्रश्न सोध्ने र अर्काले त्यसको तत्काल प्रतिउत्तर दिनुपर्ने हुन्छ ।' देउडामा पुराण, इतिहास, राजनीतिलगायत ज्ञानगुनका विविध विषयवस्तुमा आधारित प्रश्न सोधिने गर्दछन् भने कतै व्यंग्यको



पनि प्रस्तुति हुने सुदूरपश्चिम प्रगतिशील लेखक संघका अध्यक्ष रमेश पन्त मीतबन्धु बताउँछन् । 'देउढामा समाजका राम्रा-नराम्रा पक्ष र समसामयिक घटना उठानका साथै मायाप्रेमका कुरा पनि आउने गर्दछन्,' उनले भने, 'यो विशेषगरी गौरा तथा मेला पर्वमा खेल्ने गरिन्छ ।'

देउडा खेल्नका लागि कुनै विशेष पर्व नै हुनुपर्छ भन्ने नभएको उनले बताए । 'सुदूरपश्चिममा पहिले-पहिले मनोरञ्जनका लागि विवाह, व्रतबन्ध र अन्य चाडवाडमा पनि खेल्दै आएको पाइन्छ,' उनले भने, 'गौरा पर्वका अवसरमा भने देउडा बढी मात्रामा खेल्ने गरिन्छ ।' देउडा महिला तथा पुरुषका छुट्टाछुट्टै र कतै मिश्रितरूपमा पनि हुने गरेको पाइन्छ । देउडामा सुखदुःख, मायाप्रेम, हास्यव्यंग्यका साथै विविध ज्ञानगुन र अर्ति-उपदेशका प्रश्न-उत्तरमा आधारित गीत प्रस्तुत गर्ने राजमति जाग्री बताउँछन् ।

'माया पिरतीका कुरा देवी-देवताका कुराकानी गीतमार्फत गर्ने गर्छौं,' जाग्रीले भने, 'देउडामार्फत हुने सवाल-जवाफ रोचक हुने र साथीभाइको भेटघाट हुने माध्यम पनि बनेको छ ।' प्रविधिको विकाससँगै डोटयाली लोकगीतको विकास हुने क्रममा विभिन्न बाजागाजासहित देउडा गीत रेकर्ड हुने क्रम पनि बढ्दै गएको पाइन्छ । यसरी गीतमात्रै गाउनु डेउडा गीत हो भने गायनसँगै खेल्नु देउडा खेल हो ।

गौराका अवसरमा गाउँबाट बजारसम्मका महिला-पुरुष देउडामा रम्न थालेका छन् । महेन्द्रनगर बजार क्षेत्रमा मात्रै एक दर्जनभन्दा बढी थलोमा देउडा खेल सुरु भएको छ । केही थलोमा विभिन्न संघसंस्थाले अगुवाइ गरेका छन् । ग्वाल्लेक नागार्जुन समाज महेन्द्रनगरले शीवधामस्थित संस्कृति संरक्षणका लागि देउडा कार्यक्रम आयोजना गरेको छ । समाजले देउडा, ठाडो खेल आयोजना गरेको हो ।

गौरा पर्वमा गौराको महत्त्व छुट्टै भए पनि प्रमुख आकर्षण नै देउडा भएकाले युवायुवतीसमेत देउडामा झुम्ने गरेको पाइन्छ । गौरा पर्वका अवसरमा सुदूरपश्चिममा महिनौंसम्म देउडा खेलिन्छ । देउडा गीत एक प्रकारको भाका हो, यसलाई कुनै पनि लयमा ढालेर गाउन सकिन्छ । देउडामा भेदभाव पनि हुँदैन यो खेल नारी-पुरुष, युवा-पाका सबै पुस्ताले खेल्न पाउँछन्, यसमा जातीय विभेद पनि हुँदैन । पछिल्लो समय यसको महत्त्व अझ बढेको पाइन्छ ।

त्यसैगरी गौरापर्वकै अवसरमा ढुस्को धुमारीलगायतका खेल पनि खेलिन्छन् । 'यी जति पनि खेल खेलिन्छन्, सबैमा देवी-देवताको गाथा मनोरञ्जनात्मकरूपमा गाइन्छ,' स्थानीय विश्राम भट्टले भने, 'ठाडो खेलमा मादलको तालसँगै पैतला मिलाउँदै देवी-देवताको गाथा मनोरञ्जनात्मकरूपमा गाइन्छ ।'

देउडामा सुदूरपश्चिमको इतिहास, संस्कृति र साहित्य छ । अहिले मनोरञ्जनका रूपमामात्रै देउडा खेलिन्छ तर देउडा इतिहास र संस्कृतिसँग जोडिएकाले अहिलेका पुस्ताले यसको महत्त्व बुझ्न जरुरी छ । *रासस*


## समसरा पोलिक्लिनिक (प्रा. लि.)
## (लिक्वीडेशन)
### सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७८/०८/१२ मा दर्ता भएको प्रा.लि.नं.२७८१२०/७८/७९ को समसरा पोलिक्लिनिक (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८०।०३।३१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**



## नेपाली सेना स्वास्थ्य विज्ञान महाविद्यालय
**सानोभर्‍याङ, भण्डारखाल, काठमाडौं**

**डिप्लोमा/प्रमाणपत्र तहको पर्ण शुल्किय तर्फको मेडिकल ल्याव टेक्नोलोजी, डाईग्नोष्टिक रेडियोग्राफी र फिजियोथेरापी कार्यक्रमको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८०/०३/२८ गते प्रकाशित सूचना अनुसार मिति २०८०/०५/०९ गते संचालित डिप्लोमा तथा प्रमाणपत्र तहका पूर्ण शुल्किय तर्फका मेडिकल ल्याव टेक्नोलोजी, डाईग्नोष्टिक रेडियोग्राफी र फिजियोथेरापी कार्यक्रमहरूको डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८० अनुसार प्रवेश परीक्षामा सम्मिलित भई लिखित परीक्षाको अंक र एस.एल.सी/ एस.ई.ई को शैक्षिक प्रमाणपत्रहरू वापत तोकिएको अंकको योगफल गरी स्वीकृत कार्यक्रमहरूको बर्ग, कोटाको योग्यताक्रम बमोजिम मुख्य सफल उम्मेदवार, उतिर्ण सूची र रद्ध गरिएकाहरूको सूचि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

मुख्य उम्मेदवारको रूपमा छनौट भई भर्नाका लागी सिफारिश भएका उम्मेदवारहरूले सूचना प्रकाशन भएको मिति बाट मिति २०८०/०५/१९ गते कार्यालय समय भित्रमा भर्ना गर्नुहुन समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

विस्तृत नतिजाको लागीः नेपाली सेना स्वास्थ्य विज्ञान महाविद्यालयमा उपस्थित भई बुझ्न सकिनेछ वा https://nasemep.edu.np मा समेत हेर्न सकिनेछ ।

**सम्पर्क नं. ०१-४८८१६३५**



## अरिहन्त मल्टि फाईवर्स लिमिटेड, सोनापुर, सुनसरीको
## विशेष साधारण सभा बस्ने सुचना

अरिहन्त मल्टि फाईवर्स लिमिटेडको मिति २०८०/०५/०५ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) सभा हुने मिति, समय र स्थानः**

१. मिति : २०८०।०५।२२ गते (तदनुसार ८ सेप्टेम्बर २०२३)
२. समय : दिनको ३.३० बजे
३. स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**(२) छलफलका लागि प्रस्तुत हुने विषयहरु :**

१. कम्पनीको आ.व.२०७८।७९ सम्मको लेखा प्रतिवेदन अनुसार संचित मुनाफाबाट ४०% (चालिस प्रतिशत) ले हुने रकम शेयरधनीहरुलाई नगद लाभांश (कर सहित) वितरण गर्ने सम्बन्धमा ।
२. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०५/१०)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको क्रेडिट कार्ड कर्जा सुविधाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जा साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैंतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस)** दिनभित्र बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचितगरिन्छ ।

**तपसिल**

| ऋणीहरुको विवरण | ऋणीहरुको विवरण |
|---|---|
| **१) ऋणी : दुर्गा बहादुर थापा मगर**<br>(ना.प्र.नं. २९८३, मिति २०५०/०३/०७ मा जि.प्र.का. गुल्मीबाट जारी भएको)<br>ठेगाना : कुर्गा ०३ ,गुल्मी<br>बाबु : धन बहादुर थापा मगर<br>बाजे : लाल बहादुर थापा मगर | **२) ऋणी : गोकर्ण प्रसाद अवस्थी**<br>(ना.प्र.नं. ७३-०१-६९-०१९५७, मिति २०६९/०७/२२ मा जि.प्र.का. बैतडीबाट जारी भएको)<br>ठेगाना : शङ्खरपुर ०४, बैतडी<br>बाबु : जय राज अवस्थी<br>बाजे : हरिदत्त अवस्थी |

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेलः info@nimb.com.np, वेबसाइटः www.nimb.com.np


# बाढी र पहिरोलेसिन्धुपाल्चोकको जनजीवन प्रभावित

**सिन्धुपाल्चोक (प्रस)–** अविरल वर्षासँगै आएको बाढी र पहिरोले सिन्धुपाल्चोकको जनजीवन प्रभावित भएको छ । मेलम्ची नदीमा आएको बाढीका कारण हेलम्बु गाउँपालिका-४ ग्याल्थुमको सरस्वती माध्यमिक विद्यालयको भवन शुक्रबार साँझ बगाएको स्थानीय श्याम शर्माले जानकारी दिए । अन्य भवन पनि जोखिममा रहेका छन् । त्यस्तै ग्याल्थुम बजार पनि जोखिममा परेको छ ।

शुक्रबार बिहान सोही विद्यालयको दुई वटा शौचालय बगाएको थियो । यद्यपि, बाढीका कारण अवरुद्ध भएको मेलम्ची नगरपालिकाका विभिन्न स्थानका सडक भने सञ्चालनमा आएका छन् । मेलम्ची-भोताङ सडकखण्डस्थित मेलम्ची बजार पारिको बाटोसँगै मेलम्ची नवलपुर सडकखण्ड सडक पनि सञ्चालनमा आएको मेलम्ची वडा नम्बर १० का वडाध्यक्ष अमृत खनालले जानकारी दिए । मेलम्ची-तालामाराङअन्तर्गत सिमखेतमा जमेको लेदो पन्छाएसँगै यातायात आवतजावत हुन थालेको छ ।

मेलम्ची-४ स्थित पिप्ले-पाटी भञ्ज्याङ बाटो सञ्चालनमा आए पनि जोखिम कायमै रहेको स्थानीयले बताएका छन् । पहिरोले मेलम्चीनगरका आधा दर्जन घर जोखिममा छन् । आवश्यक सतर्कता अपनाउन मेलम्ची नगरपालिकाले अनुरोध गरेको छ । विभिन्न स्थानमा गएको पहिरोको कारण हाइटेसन लाइनको पोल ढलेको छ भने ठाउँ-ठाउँमा विद्युत् अवरुद्ध भएको छ ।

पाँचपोखरी थाङपाल प्रवेश गर्ने मुख्य मार्ग पहिरोको कारण अवरुद्ध भएको गाउँपालिकाका अध्यक्ष टासी लामाले जानकारी दिए । अध्यक्ष लामाका अनुसार खाल्डे खोलामा पहिरो गएपछि वैकल्पिक माध्यमबाट यात्रुलाई सहज बनाइएको छ । जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले दिएको जानकारीअनुसार जिल्लाको अधिकांश ठाउँमा बाढी र पहिरो जाने क्रम बढिरहेको छ ।

# प्रभाव दैनिक

आइतबार, १० भदौ २०८० (Sunday, August 27, 2023)





## पुत्र वियोगमा रहेका ताम्राकारको निधन



अभिनेता तथा जादुगर सानु ताम्राकारको निधन भएको छ । अभिनेता सानुको उपचारका क्रममा शनिबार नर्भिक अस्पतालमा निधन भएको हो । नर्भिक अस्पतालमा उपचारका लागि भर्ना भएको २८ औं दिनमा उनको निधन भएको पत्रकार प्रदिप कार्कीले जानकारी दिए । ७५ बर्षिया ताम्राकार मृगौलामा समस्याबाट पीडित थिए । शास्त्रीय नृत्यमा पारंगत ताम्राकारले दर्जनौं नेपाली फिल्ममा अभिनय गरेका थिए । उनको निधनसँगै पुत्र बियोगमा रहेको बेला अस्पताल भर्ना भएका ताम्राकार परिवार थप शोकमा परेको छ । उनको आज (आइतबार) बिहान पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने जनाईएको छ ।

# थाहामा चलचित्र महोत्सव हुने




■ प्रभाव संवाददाता

**मकवानपुर–** मकवानपुरको थाहा नगरपालिकामा ७ दिने चलचित्र महोत्सव (फिल्म फेटिभल) हुने भएको छ । शनिबार हेटौँडामा पत्रकार सम्मेलन मार्फत आगामी मङ्सिर ९ गतेदेखि १५ गतेसम्म 'थाहा फिल्म फेटिभल' आयोजना हुने जानकारी दिइएको हो । थाहा नगरपालिकाको सञ्चालनमा हुने उक्त फिल्म फेस्टिभलमा बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालय सह-सञ्चालक रहेको छ भने पर्यटन विकास बोर्डले कार्यक्रमलाई प्रचार प्रसार गर्ने आयोजक थाहा कला केन्द्रले जनाएको छ ।

मकवानपुरको पर्यटकीय गन्तव्यको रूपमा रहेको थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि फिल्म फेटिभल आयोजना गर्ने तयारी गरिएको कार्यक्रम संयोजक प्रमोदकृष्ण जोशीले जानकारी दिए । उनका अनुसार थाहा नगरपालिका पर्यटनको हिसाबले प्रचुर सम्भावना बोकेको क्षेत्र भएपनि प्रचार प्रसारको अभावले चलचित्र निर्माताहरूको ध्यान पर्न नसकेकाले त्यसतर्फ उनीहरूलाई आकर्षित गर्न फिल्म फेटिभल महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

आगामी मङ्सिर ९ देखी १५ गतेसम्म सञ्चालन हुने फिल्म फेस्टिभलमा नेपालका चर्चित कलाकार निर्माता निर्देशकहरूको सहभागिता गराइने उनले बताए । महोत्सवमा सन्देशमूलक चलचित्रहरू प्रदर्शन तथा थाहा नगरपालिका क्षेत्रमा पर्ने पर्यटन क्षेत्रहरूका बारेमा जानकारी गराउने जोशीले बताए ।


'पर्यटनका लागि फिल्म फेस्टिभल' भन्ने नाराका साथ आयोजना गरिने फिल्म फेस्टिभलमा चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो, भ्लग तथा इत्यादि छायाङ्कनको स्थल विकास तथा प्रचार गर्ने उद्देश्य रहेको छ । कार्यक्रममा थाहा नगरको पर्यटन प्रवर्द्धन हुने खालका तस्बिर तथा दृश्यहरू प्रदर्शन, चलचित्र छायाङ्कनका लागि उपयुक्त स्थलहरूको स्थलगत अवलोकन गराउने योजना रहेको उनको भनाई छ ।

थाहाका मुख्य-मुख्य पर्यटकीय क्षेत्रहरूको पहिचान गरी फेस्टिभलमा चलचित्रकर्मीहरू बीच प्रचार गर्ने, थाहाको बारेमा मूलभूत जानकारी गराउने, थाहाको पर्यटकीय क्षेत्रको अवलोकन गराउने, चलचित्र निर्माता, निर्देशक, कलाकारलाई पालिकासँग जोड्ने लक्ष्य रहेको उनले बताए ।

त्यस्तै फेटिभल अन्तर्गत चलचित्र निर्माता, निर्देशक तथा कलाकारसँग विशेष अन्तरक्रिया गर्ने, फेस्टिभलमा सहभागी भएकाहरूबाट प्राप्त डकुमेन्ट्री, फिचर फिल्म र सर्ट फिल्महरूको प्रदर्शनी गर्ने लगायतका कार्यक्रमहरू रहेको छ ।

कुल २७ लाख ८० हजार रूपैयाँ लागतको उक्त कार्यक्रमलाई प्रदेशको संस्कृति पर्यटन मन्त्रालयले १० लाख रूपैयाँ र थाहा नगरपालिकाले १० लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराएको छ भने अन्य लगत विभिन्न संघसंस्था तथा व्यावसायिक प्रायोजकहरूबाट सङ्कलन गरिने जोशीले बताए ।

# ओटिटीमा 'महापुरुष'




■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरोना महामारीका कारण बन्दाबन्दी भएको समयमा नेपाल ओटिटी (ओभर द टप) प्रतिको आकर्षण बढ्यो । ओटिटीमा चलचित्र रिलिज तथा नयाँ-नयाँ शृफ्ला प्रदर्शन हुन थालेपछि नेपालमा पनि यसका प्रयोगकर्ता उल्लेख्यरूपमा बढे ।

सो समयमा विश्व बजारमा स्थापित नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्नेप्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायत 'ओटिटी प्लेटफर्म'ले नेपाली दर्शकलाई राम्रोसँग आकर्षित गर्न सफल भए तर विदेशी एपमा दर्शक झुम्दा सोही प्रकृतिका नेपाली एप आइफ्लिक्स, भिडियो पसल, सिनेमाघरजस्ता एपले दर्शक पाएनन् ।

आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाएपछि बन्द नै भए । नेपालमा सन् २०१६ देखि सुरू भएको एप सिनेमा घरले सब्सक्रिप्सनको सुविधा हटाएर फिल्मअनुसार भुक्तानी गरेर हेर्न मिल्ने बनाएको कम्पनीका अध्यक्ष खगेन्द्र लामिछानेले जानकारी दिए । शुक्रबारदेखि 'महापुरुष' प्रदर्शनमा आएको जानकारी दिँदै अध्यक्ष लामिछानेले नयाँ सामग्री आउँदा दर्शक बढ्ने जानकारी दिए ।

'चलचित्र भवनमा जस्तै ओटिटीमा पनि दर्शक बढिरहेका छन् । युट्युबमा सित्तैमा चलचित्र हेरिरहेका दर्शकलाई पैसा तिरेर हेर्ने बानी बसाल्न एकदमै गाह्रो भए पनि बिस्तारै बानीको विकास भइरहेको छ', अध्यक्ष लामिछानेले भने ।

अभिनेता हरिवंश आचार्यले डिजिटल माध्यममा ठूलो संख्यामा दर्शक रहेको बताउँदै यसको विस्तारमा ध्यान दिन आग्रह गरे । उनले भने, 'हामी कहाँ नयाँ बजार विकसित भइरहेको ओटिटीमा दर्शकलाई आकर्षित गर्न हामी सबैको हुनुपर्छ । मेरो पहिलो चलचित्र प्रदर्शनमा आएको छ, उत्साहित छु ।'

प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको चलचित्र 'महापुरुष' मा राजाराम पौडेल, गौरी मल्ल, नरेश पौडेल, अरुण क्षेत्री, शिखा तामाङ, कोपिला थापालगायतका कलाकारले अभिनय गरेका छन् ।

# दीपक–दीपाको हल १८ भदौमा उद्घाटन

■ प्रभाव संवाददाता



**काठमाडौं–** नौ करोडको लागतमा दीपकराज गिरी र दीपाश्री निरौलाले नयाँ बानेश्वरस्थित शंखमुल रोडमा निर्माण गरिरहेको फिल्म हल १८ भदौदेखि संचालनमा आउने भएको छ ।

लामो समयदेखि निर्माण हुँदै आएको मल्टिप्लेक्स हल १८ गते औपचारिक उद्घाटन सहित संचानलमा आउन लागेको हो । हलको उद्घाटन १८ गते राखिएको हलका सञ्चालन समेत रहेकी कलाकार निर्देशक दीपाश्री निरौलाले बताइन् ।

'हलको सम्पूर्ण निर्माण कार्य सकिएकाले उद्घाटन कार्यक्रमसहित संचालनमा ल्याउन लागेको हो', दीपाले भनिन् । उद्घाटनको दिन हलमा फिल्म 'छक्का पन्जा ४' लाग्ने छ ।

'उद्घाटनमा सबैलाई फ्रिमा फिल्म हेराउनपर्छ' दीपाले भनिन् 'फ्रिमा हेराउनहरूले फिल्म नदेलान् भनेर आफ्नै फिल्म देखाउन लागिएको हो ।' त्यसपछि भने हलमा नेपाली फिल्म 'ऐँचो पैचो' र शाहरूख खानको 'जवान' लाग्ने दीपाले सुनाइन् । हल केही अगाडि नै उद्घाटन गर्ने दीपक-दीपाको योजना थियो । आर्थिक मन्दी लगायत विभिन्न कारणले केही ढिलाइ हुनपुग्यो ।

आईएनआई सिनेमाजको फ्रेन्चाइज अन्तर्गत सञ्चालन हुन लागेको हलमा दुईवटा अडिटोरियम रहेको छ । जसमा दुई-दुई सय दर्शक क्षमता छ ।

## रंगशाला

# नेपालले जित्यो महिला टी-२० सिरिज

■ प्रभाव संवाददाता



**काठमाडौं–** चार देश सम्मिलित महिला टी-ट्वान्टी सिरिजको उपाधि नेपालले जितेको छ । शनिबार भएको फाइनल खेलमा नेपालले हङकङलाई १३ रनले हराउँदै उपाधि हात पारेको हो । नेपालले ब्याटिङ गरिरहँदा वर्षा भएपछि खेलको छिनोफानो डकवर्थ लुइस पद्दतीका आधारमा गरिएको हो ।

मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा नेपालले टस जितेपछि पहिला बलिङ गर्ने निर्णय गर्‍यो । मलेसियाले नेपालविरुद्ध ब्याटिङ गर्दै निर्धारित २० ओरमा ६ विकेट गुमाउँदै एक सय एक रन बनायो । एक सय दुई रनको विजयी लक्ष्यका साथ मैदानमा उत्रिएको नेपालले पाँच दशमलव तीन ओभर खेल्दा वर्षा भएपछि खेल रोकियो । त्यतिबेला नेपालले एक विकेटको क्षतिमा ३७ रन बनाएको थियो । इन्दु बर्मा १९ तथा सीता राना मगर १३ रनका साथ खेल्दै थिइन् । त्यसअघि काजल श्रेष्ठ भने रन नबनाइकन आउट भइन् । वर्षा अत्यधिक भएपछि खेल पुनः सुरु हुन नसकेपछि नेपाललाई विजयी घोषित गरिएको हो ।

यसअघि हङकङका लागि ब्याटिङ गर्दै याशमिन दासवानीले ११, का यिङ चानले २९, मारिना एन्तोनियाले १९ तथा शान्जिन शाहजादले अविजित १४ रन बनाइन् । बलिङतर्फ नेपालका लागि खुशी डङ्गोलले तीन तथा अश्मिना कर्माचार्य र कविता जोशीले एक/एक विकेट लिइन् । फाइनल खेलको प्लेयर अफ दी म्याच नेपालकी खुशी डङ्गोल भइन् ।

नेपालले समूह चरणको पहिलो खेलमा हङकङलाई ६ विकेटले तथा दोस्रो खेलमा कुवेतलाई ३४ रनले हराएको थियो । अन्तिम खेलमा नेपाल मलेसियासित ६ विकेटले पराजित भएको थियो । यसैगरी हङकङ पहिलो खेलमा नेपालसित ६ विकेटले पराजित भएको थियो । उसले दोस्रो खेलमा मलेसियालाई १० विकेटले तथा तेस्रो खेलमा कुवेतलाई १६ रनले पराजित गरेको थियो । महिला टी-ट्वान्टी सिरिजमा आयोजक मलेसियासहित नेपाल, हङकङ र कुवेत सहभागी भएका थिए । यही अगष्ट ३१ तारिखदेखि मलेसियामै हुने आइसिसी महिला टी-२० विश्वकप एसिया क्वालिफायरको तयारीस्वरूप नेपालले उक्त सिरिज खेलेको हो ।

# 'मधेसमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण गर्छौं'

■ प्रभाव संवाददाता

**बारा (कलैया)** – मधेस प्रदेशका भौतिक पूर्वाधारमन्त्री कृष्ण यादवले मधेसमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण गर्ने बताएका छन् ।

मधेस प्रदेश क्रिकेट सङ्घको दोस्रो साधारणसभा तथा प्रदेश अधिवेशनको बारा सदरमुकाम कलैयामा उद्घाटन गर्दै मन्त्री यादवले क्रिकेट मैदानका लागि जग्गा उपलब्ध भइसकेकाले चाँडै नै निर्माण प्रक्रिया थाल्ने बताए । मधेसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका क्रिकेट खेलाडी उत्पादन भइरहेको उल्लेख गर्दै उनले क्रिकेटका माध्यमबाट मधेसको मान सम्मान बढेको बताए ।

'मधेसलाई क्रिकेटको हब बनाउन तथा खेलाडीको हौसला बढाउने काममा प्रदेश सरकार पूर्णरूपमा प्रतिबद्ध छ', मन्त्री यादवले भने, 'खेलाडी देशको गहना भएकाले उनीहरूको संरक्षण तथा संवर्द्धनका लागि प्रदेश सरकार कुनै कसर बाँकी राख्दैन ।'

नेपाल क्रिकेट सङ्घ (क्यान) का केन्द्रीय अध्यक्ष चतुरबहादुर चन्दले मधेस प्रदेशबाट उत्पादन भएका खेलाडीले नेपाली क्रिकेटको महत्व बढेको प्रष्ट पारे । 'काठमाडौँबाहेक अन्य ठाँउमा सुविधा सम्पन्न खेल मैदान नहुँदा खेलाडीले आफ्नो क्षमता निखार्न सकिरहेका छैनन्', उनले भने ।

वीरगञ्ज, पोखरा, भैरहवा, विराटनगर, चितवन, हेटौँडा, जनकपुरलगायत ठाउँमा सरकारले अन्तर्राष्ट्रियस्तरको खेल मैदान निर्माण गर्नुपर्नेमा अध्यक्ष चन्दले जोड दिए ।

मधेस प्रदेश क्रिकेट सङ्घका अध्यक्ष हिरा भगतको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा मधेस प्रदेशसभा सदस्य सतिष सिंह, नेपाली कांग्रेस मधेस प्रदेशका उपसभापति चन्द्रशेखरकुमार यादव, कलैया उपमहानगरपालिका नगरप्रमुख विनोद साह, महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादव, नेपाल क्रिकेट सङ्घका कार्यवाहक सचिव दुर्गाराज पाठक, कोषाध्यक्ष रोशन सिंह, केन्द्रीय सदस्य प्रशान्तविक्रम सिंह, मधेस प्रदेश सचिव आयुष श्रेष्ठ, क्रिकेट सङ्घ बाराका अध्यक्ष प्रभातकुमार चौरसियालगायतले अधिवेशन सफलताको कामना गरेका थिए ।

# बागमती प्रदेश क्रिकेट अध्यक्षमा पारसको उम्मेदवारी

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रादेशिक क्रिकेट संघ बागमती प्रदेशको आगामी कार्यकालका लागि भागवण्डा गर्दै चार जिल्लाले संयुक्त प्यानल घोषणा गरेका छन् ।

शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गर्दै प्रदेशका ६ मध्ये चार जिल्लाले पारस खड्काको नेतृत्वमा भागवण्डासहित आगामी कार्यकालका लागि प्यानल घोषणा गरेका हुन् । काठमाडौं, भक्तपुर, ललितपुर र मकवानपुरले संयुक्त रूपमा पत्रकार सम्मेलन गर्दै प्यानल घोषणा गरेका थिए ।

बाँकी दुई जिल्ला चितवन र नुवाकोट भने सो कार्यक्रममा उपस्थित थिएनन् । उक्त पत्रकार सम्मेलनमा प्रदेश संघको उपाध्यक्षमा मकवानपुर जिल्ला, सचिवमा ललितपुर जिल्ला र कोषाध्यक्षमा भक्तपुर जिल्लाका प्रतिनिधिलाई उठाउने सहमति बनेको जानकारी दिइएको छ । पारस काठमाडौं जिल्लाबाट प्रदेशका प्रतिनिधि हुन् । बागमती प्रदेशिक क्रिकेट संघको निर्वाचन भदौ १५ गते हुँदैछ । उक्त निर्वाचनमा यही प्यानल बलियो देखिएको छ ।

किनभने बागमती प्रदेश क्रिकेट संघको वर्तमान कार्यसमितिमा रहेका १३ सदस्यमध्ये सात सदस्यले यही प्यानललाई साथ दिने दाबी गरिएको छ । यो दाबीअनुरूप भएमा पारसको नेतृत्वले चार जिल्लाबाट १६ र प्रदेशबाट सात गरी मत कुल २३ मत पाउनेछन् । यो आँकडा पारस नेतृत्वलाई विजयी प्राप्त गर्न पर्याप्त हुनेछ । शुक्रवार आयोजित पत्रकार सम्मेलनमा पनि पारसको नेतृत्वको समितिलाई स्पष्ट बहुमतका साथ जिताउने दाबी गरिएको छ । प्रदेशको नेतृत्व गर्दै पारस आगामी असोजमा हुने केन्द्रीय सचिवको दाबेदारमा जाने बुझिएको छ ।

# ग्रिनल्यान्ड, एन्जल्स हार्ट र भ्याली पब्लिकलाई उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं–** ग्रिनल्यान्ड, एन्जल्स हार्ट र भ्याली पब्लिकले दसौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन् । ग्रिनल्यान्ड सिनियर ब्वाइज, एन्जल्स हार्ट जुनियर ब्वाइज र भ्याली पब्लिक सिनियर गर्ल्समा च्याम्पियन बने । बाफलस्थित आयोजक ग्रिनफिल्ड नेसनल स्कुलको कोर्टमा भएको सिनियर ब्वाइज फाइनलमा ग्रिनल्यान्डले जेनिथलाई ६१-६० को साँघुरो अन्तरले पराजित गर्‍यो ।

ग्रिनल्यान्डका प्रवीण गुरुङले ३१ अंक जोडे । जुनियर ब्वाइजको फाइनलमा एन्जल्स हार्टले ज्ञान निकेतनलाई ३०-२२ ले हरायो । एन्जल्स हार्टका रूपेश पौडेलले ७ स्कोर गरे । सिनियर गर्ल्सको उपाधि भिडन्तमा भ्याली पब्लिकले संस्कृतिलाई ३४-१८ ले पाखा लगायो । भ्याली पब्लिककी अनिता गुरुङले १० स्कोर गरिन् । सिनियर ब्वाइजमा ग्रिनल्यान्डका प्रवीण गुरुङ, जुनियर ब्वाइजमा एन्जल्स हार्टका रूपेश पौडेल र सिनियर गर्ल्समा भ्याली पब्लिककी मुस्कान गुरुङ 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए ।



**बाढीप्रभावितको उद्धार** | पाकिस्तानको पञ्जाब प्रान्तस्थित बहावलनगरको बाढीग्रस्त क्षेत्रबाट बाढी प्रभावित मानिसहरूलाई डुंगाको सहयोगमा बाहिर निकाल्दै । *तस्बिरः एएफपी*

# लागुऔषध अभियोगमा १३० जना पक्राउ

**सिंगापुर–** सिंगापुरका अधिकारीहरूले लागुऔषध बोकेको अभियोगमा १३० जनालाई पक्राउ गरेका छन् । केन्द्रीय लागुऔषध नियन्त्रण विभाग (सिएनबी)ले शनिबार एक विज्ञप्ति निकालेर यही अगस्ट १४ देखि २५ सम्म गरिएको देशव्यापी खोजतलासको कारबाहीमा १३० जनालाई पक्राउ गरेको जानकारी दिएको हो ।

सिएनबीले दुई साता लामो कारबाहीका क्रममा करिब एक हजार ३१८ ग्राम हेरोइन, दुई हजार ५३५ ग्राम गाँजा, ४८६ ग्राम 'आइस' र १८८ ग्राम केटामाइनलगायत लागूऔषध बरामद गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । प्रतिबन्धित लागुऔषध राखेको अभियोगमा पक्राउ परेकामध्येमा एक जना १५ वर्षकी किशोरी र १७ वर्षका किशोरसमेत छन् । सिएनबीले पक्राउ परेका सबै संदिग्धमाथि अनुसन्धान जारी रहेको जनाएको छ ।



सिंगापुर लागुऔषध तस्करी गर्नेलाई मृत्युदण्डको कठोर सजाय दिने मुलुकमध्येको एक हो । उसले मृत्युदण्डलाई प्रभावकारी अपराध निरोधक दाबी गर्दै आएको छ । हालै ५० ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएका एक पुरुष र ३० ग्राम हेरोइन बोकेको आरोपमा दोषी ठहर गर्दै एक महिलालाई मृत्युदण्ड दिएको थियो । सिंगापुरले २० वर्षपछि पहिलोपटक महिलालाई झुन्डयाएर मृत्युदण्ड दिएको हो । २० वर्षअघि कपाल काट्ने एक महिलालाई यस्तै अपराधमा मृत्युदण्ड दिइएको थियो ।

सिंगापुरले लागुऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी एम्नेस्टी इन्टरनेसनललगायत मानवअधिकारवादी संघसंस्थाले गर्दै आएका छन् । विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागुऔषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अंगीकार गरिरहेको परिप्रेक्ष्यमा सिंगापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको उनीहरूले बताएका छन् । *रासस/सिन्ह्वा*

# कोरियाली प्रायद्वीप समस्या समाधानमा चीनको जोड

**संयुक्त राष्ट्रसंघ–** चीनले कोरियाली प्रायद्वीप समस्या समाधानमा जोड दिएको छ । संयुक्त राष्ट्रसंघका लागि चीनका उपस्थायी प्रतिनिधि गेङ श्वाङले राष्ट्रसंघीय सुरक्षा परिषद्को शुक्रबारको बैठकमा उक्त कुरामा जोड दिएका हुन् ।

कोरियाली प्रायद्वीप समस्या समाधान प्रमुख राष्ट्रहरूबीचको सुदृढ सम्बन्ध र स्थिर क्षेत्रीय वातावरणमा निर्भर रहेको बताउँदै चिनियाँ कूटनीतिज्ञले ती देशले नै उपयुक्त वातावरण बनाउनुपर्नेमा जोड दिए । प्रायद्वीपको विषयलाई लिएर प्रमुख क्षेत्रीय देशले सामान्यतया स्थिर र सहयोगी सम्बन्ध राखेमा कूटनीतिक प्रयास प्रभावकारी हुनसक्ने उनले बताए ।

उपप्रमुख गेङले हालैका वर्षहरूमा केही देशले प्रायद्वीपको मुद्दालाई जानाजानी तनाव सिर्जना गर्ने, हिन्द-प्रशान्त रणनीतिमा प्रायद्वीपलाई समावेश गर्ने, गठबन्धन र साझेदारीलाई बलियो बनाउन र यस क्षेत्रमा आफ्नो सैन्य उपस्थिति उल्लेखनीय रूपमा बढाउने प्रयास भइरहेको यथार्थ सुनाए ।

शीतयुद्धको मानसिकतायुक्त त्यस्ता अभ्यासले टकराव बढाउने र दलहरूबीचको आपसी विश्वासलाई कमजोर पार्ने उल्लेख गर्दै उनले आफ्नै भूराजनीतिक स्वार्थ पूरा गर्नेबाहेक प्रायद्वीपमा शान्ति र स्थायित्व कायम नहुने बताए । 'पछिल्ला गतिविधिबाट निःशस्त्रीकरणलाई अगाडि बढाउने लक्ष्यमा तुषारापात भएको छ,' अमेरिका, जापान र दक्षिण कोरियाको नाम उल्लेख नगरी उनले भने ।

वार्ताको माध्यमबाटै प्रायद्वीपलाई समस्याबाट मुक्त गर्न सकिने विचार व्यक्त गर्दै उनले त्यहाँ तनाव कम गर्न र राजनीतिक समाधानलाई बढावा दिन सुरक्षा परिषद्ले रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

कोरियाली प्रायद्वीपका समस्या समाधानका निम्ति चीन, रुस र अन्य देशले प्रस्तुत गरेका उचित प्रस्तावलाई केही देशले बेवास्ता गरेका तथा प्रतिबन्ध र दबाबबाटै निकास निस्कन्छ भन्ने लघु सोचप्रति उनले दुःख व्यक्त गरे । *रासस/सिन्ह्वा*

# मदुराइ रेलमा आगलागी हुँदा नौ जना तीर्थयात्रीको मृत्यु

**मदुराइ (तमिलनाडु)–** शनिबार बिहान मदुराइ रेलवे स्टेसन नजिकै रोकेर राखिएको रेलको डिब्बाभित्र आगलागी हुँदा उत्तर प्रदेशबाट यात्रा गरिरहेका नौ जना तीर्थयात्रीको मृत्यु भएको छ भने ५० भन्दा बढी घाइते भएका छन् ।

पुनालुर-मदुराई एक्सप्रेसले लखनाउबाट ल्याएको उक्त डिब्बामा शनिबार बिहान आगालागी भएको पुष्टि गर्दै दक्षिणी रेलवेले प्रत्येक मृतकका आफन्तलाई १० लाख रूपैयाँ अनुदान दिने घोषणा गरेको छ । अवैध रूपमा तस्करी गरिएको ग्यास सिलिण्डर रेलको डिब्बामा राखिएको र सोही विष्फोट हुँदा उक्त हतातहती भएको रेलवेले एक विज्ञप्ति निकालेर बताएको छ ।

कफी बनाउन ग्यासको चुलो बाल्ने प्रयास गर्दा सिलिण्डर विष्फोट भएको उल्लेख गर्दै विज्ञप्तिमा ५५ जनालाई उद्धार गरिएको र नौ शव बरामद गरिएका जनाइएको छ ।

दक्षिणी रेलवेका मुख्य जनसम्पर्क अधिकारी बी गुगनेसनले रेलको डिब्बाभित्र यात्रीले गैरकानुनीरूपमा ग्यास सिलिण्डर राखेर भान्सासमेत सञ्चालन गर्दा दुर्घटना भएको बताएका छन् । जुनसुकै यात्रीले रेलका डिब्बा आवश्यक दस्तुत तिरेर यात्रा गर्नसक्ने तर कुनै पनि प्रज्वलनशील पदार्थ ल्याउन नपाइने कानुनी व्यवस्था रहेको उनले स्पष्ट गरेका छन् । *रासस/एएनआई*

# फ्रान्सेली राजदूतलाई नाइजर छोड्न आदेश

**नियामे–** नाइजरको सैन्य नेतृत्वले फ्रान्सेली राजदूतलाई देश छोड्न आदेश दिएको छ । सैन्य सरकारको यो कदमले पश्चिम अफ्रिकी राष्ट्रमा प्रजातान्त्रिक रूपमा निर्वाचित राष्ट्रपतिलाई पदच्युत गरेपछि अन्तर्राष्ट्रिय संकटलाई अझ बढाएको अल जजीराले जनाएको छ ।




फ्रान्सेली राजदूत सिल्भेन इट्टेलाई ४८ घण्टाभित्र नाइजर छोड्न भनिएको छ । शुक्रबार उनलाई सैन्य सरकारले पठाएको एक पत्रमा छलफलका निम्ति विदेश मन्त्रालयमा उपस्थित हुन गरिएको आमन्त्रणको बेवास्ता गरेको आरोप पनि लगाइएको छ । राजदूत इट्टेको निष्कासनको कारण 'नाइजरको हितविपरीत फ्रान्सेली सरकारको काम हो' भनिएको छ ।

फ्रान्सको विदेश मन्त्रालयले शुक्रबार नै नाइजरका सत्ता विप्लवीसँग आफ्ना राजदूतलाई फिर्ता जान आदेश दिने कुनै अधिकार नभएको बताएको छ । सैन्य विद्रोहअघिसम्म नाइजरसँग फ्रान्सको सुमधुर सम्बन्ध थियो । आफ्नो पूर्वउपनिवेश नाइजरलाई सशस्त्र समूहविरुद्धको लडाइँमा पेरिसले सघाउँदै आएको थियो ।

गत महिना सेनाले सत्ता कब्जा गरेपछि नाइजरमा फ्रान्स विरोधी भावना बढ्दै गएको छ भने केही स्थानीयले आफ्नो आन्तरिक मामिलामा पेरिसले हस्तक्षेप गरेको आरोप लगाएका छन् । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँले नाइजरका विद्रोहीको आलोचना गर्दै अपदस्थ राष्ट्रपति मोहम्मद बाजुमलाई तत्काल रिहा गर्न माग गरेका छन् ।

यसैबीच, सैन्य नेता जनरल अब्दरहमाने त्चियानीले आक्रमणको अवस्थामा नाइजर क्षेत्रमा हस्तक्षेप गर्न बुर्किना फासो र मालीका सुरक्षा बललाई अधिकार दिने दुईवटा कार्यकारी आदेशमा हस्ताक्षर गरेका सैन्य अधिकारी ओमारो इब्राहिम सिदीले बताएका छन् । *रासस/एएनआई*

# भूमध्यसागरबाट सयौं आप्रवासीको उद्धार

**मार्सेली–** फ्रान्सको एक गैरसरकारी संस्थाले भूमध्यसागरमा संकटले घेरिएका ४३८ जना आप्रवासीको ज्यान बचाएको छ । उक्त संस्थाले उद्धार जहाज ओशन वाइकिङमार्फत बितेका दुई दिनमा ती आप्रवासीलाई उद्धार गरेको हो ।

उद्धारक संस्था एसओएस मेडिटरेनीले लिबिया र ट्युनिसियाको अन्तर्राष्ट्रिय जलक्षेत्रबाट उनीहरूको उद्धार गरेको जनाउँदै गत बिहीबार मध्य भूमध्यसागरमा तीनवटा डुंगा परिचालन गरेर २३ देशका २७२ जनाको ज्यान बचाएको बताएको छ ।

उक्त जलक्षेत्र आप्रवासीहरूका लागि विश्वको सबैभन्दा खतरनाक सामुद्रिक मार्ग हो । उद्धार गरिएकामध्ये ३२ जना नाबालिग, नौ जना बालबालिका र पाँच जना अपांगता भएका व्यक्ति थिए । शुक्रबार पनि थप १६६ जनाको उद्धार गरिएको एसओएस मेडिटरेनीले जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय आप्रवासन निकाय इन्टर नेसनल अर्गनाइजेसन फर माइग्रेसनका अनुसार यस वर्ष मध्य भूमध्यसागर पार गर्ने प्रयासमा कम्तीमा दुई हजार १३ जनाको मृत्यु भएको छ । गत जुनमा पश्चिमी भूमध्यसागरमा एउटा डुंगा डुब्दा ८२ जनाको इहलीला समाप्त भएको थियो । अघिल्लो वर्ष युरोपमा सहज जीवन यापन गर्ने सपना साकार पार्न हिँडेका एक हजार ४१७ जना आप्रवासीले ज्यान गुमाएका थिए । *रासस/एएफपी*


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENT PALACE HOTEL LLC

पूर्व स्वीकृति मिति २०८०/०५/०८ | LT. No. 291496 | चलानी नं.६०२०५७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 10 | 0 | 1500 | ५४०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 30 | 1400 | ५०४४९ | | | | | | | |
| 3 | Receptionist | 0 | 10 | 1500 | ५४०५२ | | | | | | | |
| 4 | waiter | 20 | 0 | 1200 | ४३२४२ | | | | | | | |
| 5 | Waitress | 0 | 30 | 1200 | ४३२४२ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १७ गते (3th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com

**Fewa HR Solutions Pvt. Ltd.**

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MAHMOUD MOHAMMAD TULBAH GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 291534 | चलानी नं. ६०२०६७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Equipment Maintenance Worker | 4 | 0 | 1500 | ५३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १७ गते (3rd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फचाक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १११९०० | प्रति तोला – ११०५५० | प्रति तोला – १४६० |

## १० अर्बको विकास ऋणपत्र जारी हुँदै

**काठमाडौं (प्रस)** – नेपाल राष्ट्र बैंकले रू १० अर्ब बराबरको विकास ऋणपत्र जारी गर्ने भएको छ। सरकारले उठाउने आन्तरिक ऋणका रूपमा राष्ट्र बैंकले आज (आइतबार) छ वर्ष अवधिको विकास ऋणपत्र २०८५ 'ज' जारी गर्न लागेको हो।

बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था र सर्वसाधारण नागरिकसमेतले विकास ऋणपत्र खरिद गर्न सक्नेछन्। यो ऋणपत्रको ब्याजदर बोलकबोलका माध्यामकबाट निर्धारण गरिने राष्ट्र बैंकले जनाएको छ। यो ऋणपत्र धितो राखी कर्जासमेत लिन सकिनेछ। भदौ १० गते दिउँसो ३ बजेसम्म बोलकबोल हुने ऋणपत्र भदौ ११ गते सोमबार निष्काशन हुनेछ। अर्धवार्षिकरूपमा ब्याज भुक्तानी हुने यो ऋणपत्रको साँवा भुक्तानी २०८६ भदौ ११ मा हुनेछ।

घटीमा रू पचास हजार र बढीमा कूल निष्काशित रकमको सीमामा नबढाई रू पचास हजारले भाग गर्दा निःशेष भाग जाने अङ्कमा खरिद गर्न पाइनेछ। यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रियाअन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रूपमा मात्र भाग लिन सक्नेछन्। राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले प्रतिस्पर्धीको रूपमा भाग लिन पाउने छैनन्। यो ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमार्फतमात्र हुनेछ।

## प्रस्तावित सहकारी बैंक दर्ता प्रक्रिया अघि बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सहकारी बैंक लिमिटेडको तदर्थ सञ्चालक समितिको बैठकले प्रस्तावित नेपाल सहकारी बैक दर्ता प्रक्रिया अगाडी बढाउने निर्णय गरेको छ। शुक्रबार सम्पन्न छैठौ बैठकले प्रकृया अघि बढाउने निर्णय गरेको हो। तदर्थ सञ्चालक समितिका अध्यक्ष सुरेन्द्र भण्डारीले अबको केही महिनापछि बैक सञ्चालनमा आउने दाबी गरे।

शुक्रबार बसेको बैठकले नेपाल राष्ट्रबैकसँग आसयपत्र प्राप्त गरेपछि आसयपत्रको आधारमा सहकारी विभागले सञ्चालन स्वीकृति दिनेछ। तदर्थ समितिका अध्यक्ष भण्डारीले सो प्रकृया अघि बढाउन बैठकले निर्णय गरेको जानकारी दिए। बैक स्वीकृति दिन सबै सरोकारवाला निकाय सकरात्मक देखिएको छ।

यसअघि तदर्थ सञ्चालक समितिका अध्यक्ष भण्डारीले प्रस्तावित बैंकको अवधारणा पत्र र सम्भाव्यता अध्ययनको विषयमा नेपाल राष्ट्र बैकका गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर लगायत उच्च अधिकारी समक्ष प्रस्तुतीकरण गरेका थिए। उक्त अवसरमा गभर्नर अधिकारीले बैक स्वीकृति दिन सकरात्मक रहेको बताएका थिए।

साढे दुई अर्ब रूपैयाँ चुक्ता पुँजी प्रस्ताव गरिएको नेपाल सहकारी बैंक सञ्चालनमा आएपछि यसलाई देशव्यापीरूपमा विस्तार गरिने उहाँको भनाई थियो। सहकारी ऐन २०७४ को दफा १२ मा सहकारी बैंकले संस्था वा सङ्घको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा संघलाई ऋण प्रवाह गर्ने वा बैंकिंग सेवा उपलब्ध गराउने उद्देश्य लिई संस्था वा सङ्घ आपसमा मिलि नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिई सहकारी बैङ्कहरू गठन गर्न सकिने व्यवस्था गरिएको छ।

त्यस्तै ०७७ माघ १० गते सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा भएको व्यवस्था बमोजिम सहकारी विभागमा बैक सञ्चालन गर्न निवेदन दर्ता भएको थियो। ०७८ जेठ २४ गते सहकारी विभागबाट नेपाल राष्ट्र बैंकको नाममा 'प्रस्तावित सहकारी बैंक' लाई नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति पत्र उपलब्ध गराउनको लागी पत्राचार भएको थियो।

## काँचै स्याउ बेच्दै कृषक

■ हेमन्त केसी

**जाजरकोट** – उत्कृष्ट स्याउ पाइने डोल्पाको ठूलीभेरी, त्रिपुरासुन्दरी नगरपालिकाका विभिन्न ठाउँमा स्याउ खरिद गर्नका लागि व्यापारी बोटमै पुगेका छन्। गाउँ-गाउँमा रहेका खेतबारीमा लटरम्म फलेका स्याउले ठूलीभेरी, त्रिपुरासुन्दरीका गाउँबस्ती रङ्गिएका छन्। त्रिपुरासुन्दरी नगरपालिका-३ स्थित सुँ, जिउँ, वडा नम्बर ४ को रङ्गमा कृषकले व्यावसायिक रूपमा स्याउ खेती गर्दै आएका छन्। त्यस्तै, वडा नम्बर ७ मा पर्ने जुफाल, ८ र ९ मा पर्ने डाँगीबाडा वडा नम्बर ४, ५ र ११ मा पर्ने लोचा, थाला, तिप्ला र रह गाउँमा प्रशस्त स्याउ उत्पादन हुने गरेको छ।

स्याउ बोटमा राम्रोसँग नपाक्दै ५० प्रतिशत स्याउ बिक्री गरिसकेको कृषि विकास कार्यालय डोल्पाले जनाएको छ। बजारको अभावमा प्रत्येक वर्ष कृषकले उत्पादन गरे जतिको सबै स्याउ बिक्री नहुने भएकाले काँचै स्याउ बिचौलिया व्यापारीलाई प्रतिकिलो २० देखि ३० रूपैयाँमा बेच्न बाध्य भएको कार्यालयको भनाइ छ।

जिल्लामा स्याउको राजधानीको रूपमा परिचित रङ्ग गाउँमा 'एक घर, एक स्याउ बगैंचा' छ। प्रत्येक वर्ष एउटै घरमा न्यूनतम १० क्विन्टलसम्म स्याउ फल्ने गरेपनि व्यापारीले सबै खरिद नगर्ने कृषकको गुनासो छ। स्याउ बगानमा ३ वर्षयतादेखि नेपालगञ्ज, सुर्खेत, जाजरकोट, रुकुमलगायत जिल्लाबाट स्याउ किन्न व्यापारी घरमै पुग्ने गरेका छन्। नपाक्दै बोटमै बिचौलिया आइपुग्ने रङ्गका कृषक तारा बुढाले बताए। बजार अभाव, सडकको असुविधा, ढुवानी समस्यालगायत समस्याका कारण नपाक्दै सस्तो मूल्यमा व्यापारीलाई जिम्मा लगाउन बाध्य हुने स्थानीय स्याउ कृषक हरि बुढाले बताए।

'स्याउ राम्रोसँग भदौ अन्तिममा पाक्छ, तर व्यापारी कृषकको समस्याको फाइदा उठाउन साउन अन्तिममै गाउँमा आइपुग्छन्, कृषक बाध्य भएर मात्र २० देखि ३० रूपैयाँमा स्याउ बगैंचा जिम्मा लाउन बाध्य हुनुपर्छ,' उनले दुःखेसो पोखे। 'राम्रोसँग पाकेको स्याउको स्वादै मिठो हुन्छ, यहाँबाट सस्तो मूल्यमा लिएको काँचै स्याउ पनि व्यापारीले नेपालगञ्ज, सुर्खेत, काठमाडौंलगायत सहरमा प्रतिकिलो दुई सय रूपैयाँभन्दा धेरैमा बेच्ने गर्छन्,' उनले थपे। अर्का कृषक रुद्री बुढाले यस वर्ष ११ क्विन्टल स्याउ जम्मा ३५ हजारमा बेचेको दुःखेसो पोखे।

'मेरो बगैंचामा तीन सय बोट स्याउ छन्, पछि बिक्री हुँदैन कि भन्ने चिन्ताले साउन अन्तिममा नै सस्तो मूल्यमा स्याउ बगैंचा नै जिम्मा लाइसकेँ,' बुढाको भनाइ छ, 'व्यापारीले बोटमै प्रतिकिलो ५० रूपैयाँ किलोसम्म पाए कृषकलाई केही राहत हुन्छ, तर व्यापारीले बढीमा ३० रूपैयाँ भन्दा धेरै हाल्न मान्दैनन्, बेचौं घाटा छ, नबेचौं पछि बिक्री गर्न समस्या हुन्छ।' बिचौलिया व्यापारीले डोल्पाबाट लिएको स्याउबाट ५ गुणाभन्दा पनि धेरै फाइदा खाने गरेको उनको भनाइ छ।

अहिले स्याउका बोटमा हाँगा, फेदबाट बोक्रा निस्कने र त्यसपछि स्याउका बोटै सुक्न थालेको कृषकले बताएका छन्। नगरपालिकाले कृषि प्राविधिक पठाएर कृषकको समस्या समाधान गरिदिन आग्रह गरेका छन्।

त्यसैगरी, वडा नम्बर ३ जिउँका कृषक रामबहादुर गुरुङले पनि ३ सय बोट स्याउ रोपेका छन्। उनको बगैंचामा प्रत्येक वर्ष ३० क्विन्टलसम्म स्याउ फल्ने गर्छ, तर उनलाई पनि प्रत्येक वर्ष उत्पादित सबै स्याउ बिक्री नहुने चिन्ताले पिरोल्ने गर्दछ।

'बगैंचा नै रातम्य हुने स्याउ फलेको छ, डोल्पामा सबै स्याउ खपत हुने ठूलो बजार छैन, जिल्ला बाहिरका बजारमा लैजाउँ भने कच्ची बाटो र ठाउँ-ठाउँमा पुल नहुँदा एक दर्जनभन्दा धेरै ठाउँमा गाडी परिवर्तन गर्नुपर्छ, यसरी लैजाँदा स्याउको मूल्यभन्दा ढुवानी रकम धेरै हुन्छ,' उनले भने, 'डोल्पासम्म सडकको राम्रो सुविधा भएको भए बर्सेनि लाखौं रूपैयाँ डोल्पाली कृषकले कमाउँथे, जिल्ला बाहिरबाट काँचै स्याउ सस्तो मूल्यमा किन्ने व्यापारी त आएका छन्, भने जतिको मूल्य नपाइने भएकाले बिक्री गरेको छैन।'

सोही गाउँका स्याउ कृषक जसमान केसीले पनि ७ रोपनी क्षेत्रमा स्याउ लगाएका छन्। उनलाई पनि उत्पादन भएको सबै स्याउ बिक्रीको चिन्ता छ। *रासस*

## कर्पोरेट

### 'नेसनल आइसिटी स्कलरसिप- २०८०' को लागी आवेदन खुला

**काठमाडौं (प्रस)**– नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारमा विगत ३१ वर्षदेखि कार्य गर्दै आईरहेको कम्प्युटर एशोसियसन नेपाल महासंघले प्राविधिक शिक्षा तर्फ विगत चार बर्ष देखि प्रदान गर्दै आईरहेको छात्रबृतिको 'नेसनल आइसिटी स्कलरसिप-२०८०' को लागी आवेदन खुल्ला गरेको छ।




क्यान महासंघले, राष्ट्रभित्र सूचना प्रविधिको अध्ययन अध्यापन गर्ने गराउने कलेजहरूको सहयोगमा गरीव, जेहेन्दार, विद्यार्थीहरूको लागि छात्रबृत्ति प्रदान गर्दै आएको विदितै छ। यो छात्रबृति काठमाण्डौंको मैतीदेविमा रहि विगत दुई दशकभन्दा बढि समयदेखि सूचना प्रविधि बिषयमा अध्यापन गराउने कलेज - लर्ड बुद्ध एजुकेसन फाउन्डेसन संगको सहकार्यमा शुरु गरिएको हो। यो छात्रबृति मार्फत यस बर्ष पनि ४९ जना विद्यार्थीहरूलाई आंशिक तथा पुर्ण छात्रवृद्धि प्रदान गर्न लागिएको हो। 'नेसनल आइसिटी स्कलरसिप-२०८०' मा देशको सातै प्रदेशका विद्यार्थीहरूले समान अवसर पाउने गरी प्रत्येक प्रदेशबाट १ जना छात्रालाई पूर्ण छात्रवृत्ति र बाँकी ४२ जनालाई आंसिक छात्रबृति प्रदान गरीने छ। ग्रामिण क्षेत्रमा समेत सूचना प्रविधिको विकास र सबै नागरीकमा यसको पहुँच पुराउनमा यस कार्यले टेवा पुर्याउदै आएको छ। विगत चार वर्षदेखि सञ्चालित यस छात्रवृती कार्यक्रम अन्तर्गत हालसम्म ११० जना विद्यार्थीहरू अध्ययनरत छन्।

यो वर्ष पनि फिमेल मेरिट आइसिटी स्कलरसिपमा प्रत्येक प्रदेशबाट चार जनाका दरले २८ जना छात्रालाई छात्रबृति प्रदान गरिनेछ भने आइसिटी मेरिट स्कलरसिप अन्तर्गत प्रत्येक प्रदेशबाट तीनजनाका दरले २१ जनालाई छात्रबृति प्रदान गरिनेछ। क्यान महासंघ र लर्ड बुद्ध एजुकेसन फाउन्डेसन कलेजविच भएको सम्झौताअनुसार ४९ जना विद्यार्थीले २ करोड ८३ हजार रूपैयाँबराबरको छात्रवृत्ति पाउनेछन्। छात्रबृति प्राप्त विद्यार्थीहरूले मलेसियाको एसिया प्यासेफिक युनिर्भसिटि अफ टेक्नोलाजी एण्ड इनोभेसनको सम्बन्धनमा सञ्चालीत लर्ड बुद्ध एजुकेशन फाउण्डेसनमा स्नातक तह अन्तर्गत वि. एस. सी. आईटी को अध्ययन गर्न पाउनेछन्। नेपाल सरकारवाट मान्यताप्राप्त शिक्षण संस्थाबाट प्लस टु वा सो सरह उत्तीर्ण गरेका र कक्षा १० को गणित विषयमा कम्तीमा ५० प्रतिशत अंक ल्याएका विद्यार्थीहरूले छात्रवृत्तिका लागि आवेदन दिन सक्नेछन। छात्रवृत्ति प्रदान गर्नका लागि क्यान महासंघले केन्द्रिय स्तरमा निवर्तमान अध्यक्ष नवराज कुँवरको संयोजकत्वमा सचिवद्वय शेखर दुलाल, ठाकुर कुमार श्रेष्ठ, भुपाल दास श्रेष्ठ, नारायण प्रसाद श्रेष्ठ तथा केन्द्रिय सदस्यद्वय राजु कट्टेल र सरिता न्यौपाने रहेको छात्रबृति छनौट समिति गठन गरेको छ।

छात्रवृत्तिका लागि इच्छुक विद्यार्थीले क्यान महासंघको वेबसाइट र लर्डबुद्ध एजुकेसन फाउन्डेसनको वेबसाइटमार्फत २०८० साल भदौ २० गतेभित्र आवेदन दिनुपर्नेछ। आवेदन दिँदा कक्षा १० र १२ को मार्कसिटको प्रतिलिपिका साथै एउटा फोटो, नागरिकता वा जन्मदर्ता प्रमाणपत्र र स्थानीय सरकारको सिफारिसपत्र पेस गर्नुपर्नेछ।

यस छात्रवृती मार्फत देशका दुर्गम क्षेत्रका विपन्न वर्गका विद्यार्थीहरूले पनि सुचना तथा संचार प्रविधिको क्षेत्रलाई आफ्नो पेशा/ब्यबसाय बनाउन मद्दत पुग्ने र कार्यान्वयनको चरणमा रहेको डिजिटल नेपाल फ्रेमवर्कलाई सहयोग पुग्ने कुरा क्यान महासंघका अध्यक्ष रणजित कुमार पोदारले व्यक्त गर्नुभयो।

### नन्दिनी हर्बलका उत्कृष्ट उत्पादनहरू नेपाली बजारमा

**काठमाडौं (प्रस)**– नन्दिनि हर्वल केयर प्रा.लि.का उत्कृष्ट ब्राण्डहरू नेपाली बजारमा आएको छ। विभिन्न ब्राण्डका कस्मेटिक उत्पादनहरू मार्फत आफ्नो छालामा प्रयोग गर्दा हानिकारक रसायनहरूको बारेमा आम नेपाली सौन्दर्य प्रशाधन उपभोक्ताहरू निकै चिन्तित रहेको बेला नन्दिनीले उत्कृष्ट र शतप्रतिशत प्राकृतिक तथा कुनै साइड इफेक्ट नभएको विभिन्न सौन्दर्यका सामाग्रीहरू अर्गानिक रूपमा उत्पादन गरि विश्व बजारको अधिकाशं देशहरूमा निर्यात गर्दै आएको छ।

भारतको गुजरातमा रहेको मुख्यालयबाट दुवई, कतार, थाईलैण्ड, न्यूजिल्याण्ड, ओमन, बंगलादेश, श्रीलंकालगायत करिव ४५ वटा देशहरूमा निर्यात हुदै आएको नन्दिनी अर्गानिक ब्राण्डका अर्गानिक सौन्दर्य सामाग्रीहरू औपचारिक रूपमा नेपाल भित्रिएको हो। पछिल्लो पटक खानामा होस या अन्य वस्तुहरूमा अर्गानिक उत्पादनहरूको माग ह्वात्तै बढेको छ। यसै अनुरूप बजारको माग अनुसार नेपालमा पनि सन स्क्रिन, मोश्चराईजर, फेश वास, डे क्रिम, नाईट क्रिम, ईसन्सियल आईल लगायत थुप्रै अर्गानिक सौन्दर्य सामाग्रीहरूको विक्री वितरण गर्न लागेको कम्पनीका उत्पादक नन्दिनी हर्वल भारतका प्रबन्ध निर्देशक हितेश लिम्बानीले जानकारी दिए।




उनका अनुसार, नेपाली उपभोक्ता माझ भारतिय सौन्दर्य सामाग्रीहरूको विश्वासका कारण लामो अनुसन्धान पछि हाम्रा अर्गानिक सौन्दर्य सामाग्रीहरूलाई सहज रूपमा बजारीकरण गर्न सकिने अवस्था देखेर नेपालमा नन्दिनी अर्गानिक ब्राण्डका सौन्दर्य सामाग्रीहरू भित्राइएको हो। नेपाली ग्राहकहरूलाई विश्वस्तरीय सौन्दर्य हेरचाह उत्पादनहरू प्रदान गर्ने स्पष्ट मिशनका साथ यस्ता उत्पादनहरू नेपाल ल्याउन आफ्नो पसिना र परिश्रम लगाएको लिम्बानी बताउछन्। नन्दिनी ब्राण्डका उत्कृष्ट सौन्दर्य सामाग्रीहरू नेपालका विभिन्न आउटलेट, वितरक, व्यूटिपार्लर, सैलुन, मेडिकल स्टोरलगायत मार्ट सपिङ्ग मलहरूमा सहजै उपलव्ध हुने, उक्त उत्पादनहरूलाई नेपालमा वजारीकरण तथा व्यबस्थापनको जिम्मेवारी लिएका कन्ट्रि म्यानेजर पदम शर्माले जानकारी दिए। गुणस्तरमा शत प्रतिशत प्रतिवद्धता जनाएको कम्पनीले करिव ३ वर्षदेखि नेपाली बजारमा एन प्लस प्रोफेशनल तथा ला रिभेरी ब्राण्डका उत्कृष्ट सौन्दर्य सामाग्रीहरू बिक्री वितरण गर्दै आएको छ।

नन्दिनी अर्गानिक ब्राण्डका वारेमा जानकारी दिने उद्देश्यले राजधानीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा मिस नेपाल २००२ उषा खड्गी, अध्यागमन विभागका महानिर्देशक झलक राम अधिकारी तथा सामाजिक अभियान्त भिम उपाध्यायले संयुक्त रूपमा उक्त उत्पादनहरूको औपचारिक विक्री वितरण शुभारम्भ गरेका थिए।

## मुद्रण महासंघ बागमती अध्यक्षमा श्रेष्ठ

**काठमाडौं (प्रस)**– नेपाल मुद्रण उद्योग महासंघ, बागमती प्रदेश समिति अध्यक्षमा अजय वादे श्रेष्ठ निर्वाचित भएका छन्।




शनिबार ललितपुरमा सम्पन्न महासंघको दोस्रो साधारण सभा तथा अधिवेशनबाट नयाँ कार्य समिति निर्वाचित भएका थिए। भव्यरूपमा सम्पन्न साधारणसभामा नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष खोमाकान्त रेग्मी, पूर्वअध्यक्ष माधव केसी, पुष्कल गौतम लगायतले मुद्रण व्यवसायीहरूले भोगिरहेका समस्या र समाधानकालागि देशभरिका सम्पूर्ण मुद्रण व्यवसायीहरू एकजुट हुनु पर्ने कुरामा जोड दिएका थिए।

सो अधिवेशनमा बागमती प्रदेश समितिमा अध्यक्षमा श्रेष्ठका साथै वरिष्ठ उपाध्यक्ष अर्जुन कार्की लगायत २१ जना पदाधिकारी तथा सदस्यहरू निर्वाचित भएका थिए। उक्त अवसरमा नव निर्वाचित अध्यक्ष अजय बादे श्रेष्ठद्वारा मुद्रण व्यवसायीहरूका हक हितमा आफु तथा कार्यसमिति सदैव सर्मपित हुने प्रतिवद्धता व्यक्त गरेका थिए।

आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनुपर्ने कुराहरू

- बरफले आँखा सेक्ने।
- सेक्दा आँखा बन्द गरेर वा सफा रूमालले सेक्ने।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने।
- प्रशस्त्र मात्रामा पानी र पोषिलो खा ना खाने।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रूमाल, टावेल, सिरानी, तन्ना आदि दैनिक धुने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान अरूलाई प्रयोग गर्न नदिने।
- स्वास्थ्य कर्मीको सल्लाहबिना जथाभावी औषधी प्रयोग नगर्ने।
- दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ